जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक १९१ • २०८२ साल मंसिर २४ गते बुधबार (10 December, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

# रोशनी झा मृत्यु प्रकरणमा दुईजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। रोशनी झा मृत्यु प्रकरणमा थप दुई जनालाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

नेपाल प्रहरीको सिआइबी अनुसन्धान थालेको केही घण्टामै जनकपुरधाम वडा नम्बर ३ स्थित देवान पोखरी क्षेत्रका ४५ वर्षीय सचिन झा र उनका छोरा १५ वर्षीय प्रतीक झालाई धनुषा प्रहरीले पक्राउ गरेका जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक गणेश बहादुर बलमे जानकारी दिए।

यस अघि नै मृतक रोशनी झाका श्रीमान प्रशान्त मिश्रलाई प्रहरीले पक्राउ गरिसकेको छ। धनुषा प्रहरीले प्रशान्तका भिनाजु तथा भान्जालाई पक्राउ गरिएको छ।

नेपाल प्रहरीको सिआइबीले रोशनी झा मृत्यु प्रकरणको अनुसन्धान थालिएको छ। सिआइबीले आफ्नै तरिकाले घटनाको सूक्ष्म अनुसन्धान थालेको छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ स्थित कटैया चौरी घर भएका प्रशान्त मिश्रको श्रीमती रोशनी झाको मंसिर १२ गते बिहीबार राति भएको मृत्यु प्रकरण शंकास्पद मात्र नभइ हत्या भएको रोशनीका माइती पक्षले दाबी गर्दै न्यायको माग सहित विभिन्न चरणको आन्दोलन गर्दै आएका थिए।

रोशनीको मृत्यु प्रकरणपछि रोशनीको कागजपत्र जलाउनु, कहिले भऱ्यांगबाट लडेको र कहिले झुण्डिएको जस्ता अभिव्यक्ति दिने काम गर्नु नै मृत्यु प्रकरण शंकास्पद रहेको बताउँदै मृतक रोशनीका श्रीमान्ले पटक पटक दाइँजोका नाममा रकम तथा सामान माग्दै आएको दाबी गरेका छन्।

मृतक रोशनीका श्रीमान् प्रशान्त मिश्र प्रदेश नीति तथा योजना आयोग मधेश प्रदेशमा शाखा अधिकृतमा कार्यरत रहेका छन्। केही वर्ष अगाडि ९ लाख रुपैयाँसहित मागी विवाह गरेको र केटाको घर निर्माणका लागि पुनः १५ लाख रुपैयाँ रकम दिएको माइती पक्षले जनाउँदै आएको छ। मृतक रोशनीका दुई नाबालक सन्तान छन्।

## नाबालिग बलात्कार अभियोगमा थप २ पक्राउ

# सीतामढीबाट हिरा साह र जनकपुरधामबाट महासेठ पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। नाबालिग बलात्कार अभियोगमा प्रहरीले शिवशंकर साह(हिरा)लाई मंगलबार पक्राउ गरेको छ। नाबालिगका मामा सञ्जय महासेठ पनि पक्राउ परेको प्रहरीले पुष्टि गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले हिरालाई भारतको बिहार राज्यको सीतामढी जिल्लाबाट पक्राउ गरी अबेर राति धनुषा ल्याइएको छ।

उनको नाम पीडित पक्षले पोलेसंगै प्रहरीले जिल्ला अदालतबाट पक्राउ पूर्जी लिएको थियो। प्रहरीले पक्राउ पूर्जी लिएको जानकारी पाउना साथ उनी बिहारतर्फ भागेका थिए। प्रहरी सम्वद्ध स्रोतका अनुसार साहलाई सीतामढी जिल्लाबाट पक्राउ गरिएको हो। उनी फरार भएदेखि नै प्रहरीले निगरानी बढाएको थियो।

हिरा सीतामढीमा लुकेको सुराग पाउना साथ प्रहरीले भारतीय काउण्टर पार्टसित समन्वय गरी पक्राउ गरेको बताइएको छ। हिरा पक्राउ परेको प्रहरीले औपचारिक रुपमा पुष्टि गरेको छैन। तर स्रोतले उनलाई अबेर राति धनुषा ल्याइसकेको जनाएको छ।

स्रोतका अनुसार भारतीय प्रहरीले साहलाई पक्राउ गरी नेपाल प्रहरीलाई बुझाएको बताइएको छ। धनुषाका प्रहरी प्रमुख एसपी रुगम बहादुर कुँवरले विशेष चासो लिएर अनुसन्धानलाई अगाडि बढाएका छन्। उनले काउण्टर पार्टीसित समन्वयगरि केही दिन भित्रै हिरा साहलाई पक्राउ गर्न सफल भएको बताइन्छ।

हिरा साह गत स्थानीय निर्वाचनमा नेकपा एमालेको टिकटबाट मेयरमा उम्मेदवार रहेका थिए। उनी जनकपुरधाम उद्योग वाणिज्य संघको अध्यक्ष र मधेश प्रदेश उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष हुन्।

नेकपा एमालेको आसन्न ११ औं महाधिवेशनका लागि धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधि छनोट भएका छन्। एमालेका नेताहरुका अनुसार उनी फरार रहेकै बेला उनको नाम प्रतिनिधिमा छनोट गरिएको थियो।

नाबालिगका मामा महासेठलाई प्रहरीले जनकपुरधामबाट नै पक्राउ गरेको धनुषाका प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक गणेश बहादुर बमले जनाएका छन्। महासेठले बलात्कारलाई कानुनी दायरामा नलगी अलग्गैबाट मिलाउने प्रयास गरेको आरोप छ। उनले पीडकहरुबाट रकम समेत बुझिसकेको पीडिताले खुलाएकी छन्।

गत कार्तिक २२ गते जानकी चोकस्थित एक होटेलमा दुई राति बन्धक बनाएर बलात्कार गरेको थियो। प्रहरीलेबलात्कारगरेको अभियोगमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १० का स्वर्गीय किशोरी लाल साहका छोरा मनोज कुमार साहलाई प्रहरीले यस अघि नै पक्राउ गरेको थियो। हिरा साह मनोज साहका साख्यै काञ्छो भाई हुन्।

मनोज साहलाई प्रहरीले काठमाण्डुबाट पक्राउ गरी ल्याएको थियो। मनोजको बयानको आधारमा प्रहरीले हिरासमेत तीन जना विरुद्ध पक्राउ पूर्जी जारी गरेको छ। दुई जना अझै प्रहरीको पहुँचभन्दा बाहिर रहेको बताइएको छ।



जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १३ का नाबालिगलाई होटेलमा दुई दिनसम्म बन्धक बनाएर बलात्कार गरेको थाहा पाएपछि पीडित हजुरबुवा र आमाले कार्तिक २३ गते बिहान ५ बजे उद्धार गरी घर लगेका थिए।

१३ वर्ष ४ महिनाकी नाबालिगलाई बन्धक बनाएर बलात्कार गरेको घटनालाई गुपचुप मिलाउन मनोज साहका भाई हिरा साह लगायत तीनजना सक्रिय रुपमा लागेका थिए। पीडितलाई करिब ३० लाख रुपैयाँसम्म दिने सहमति समेत गरिसकेपछि घटना २२ दिन सम्म भित्र भित्रै भुसको आगो जस्तो सल्किएको थियो। जनकपुरधाम उपमहानगरपालिका भरी बलात्कार गरी घटनालाई गुपचुप मिलाएको खबर भित्र भित्रै फैलिए पनि प्रहरीमा उजुरी परेको थिएन।

प्रहरीले घटनाको संज्ञान लिएर सूक्ष्म अनुसन्धान गरेर तहसम्म पुगेर दोषीहरुलाई कानुनको दायरामा ल्याएको छ। प्रहरीका अनुसार पक्राउ परेका मनोज साहले अपराध स्वीकार गरिसकेका छन्। उनले दिएको बयान अनुसार हिरा साह लगायतका व्यक्तिहरुको संलग्नता पुष्टि भएको बताइएको छ।

नेकपा एमालेका केही नेताहरुले हिरालाई जोगाउन प्रहरीमाथि दबाब बनाएको थियो। हिरा साहलाई जोगाउन नेताहरुले विशेष दबाब दिए पनि प्रहरीले घटनाको तहसम्म पुगेर दोषीसम्म पुगेको बताइएको छ।

स्रोतका अनुसार पीडित बालिकाका मामाले दोषीसित मिलेमतो गरी केही लाख रुपैयाँ समेत लिएका थिए। मामाले मिलेमतो गरी प्रहरीको पहुँचभन्दा बाहिर नै घटनालाई लुकाएका थिए।

प्रहरीले पीडितलाई नै नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाउँदा दोषीहरु पक्राउ परेको बताइएको छ। पीडितलाई नै नियन्त्रणमा लिएर बहुत कम अपराधमा अनुसन्धान गरिन्छ। धनुषा प्रहरीले पीडितलाई नियन्त्रणमा लिएर अनुसन्धान गर्दा जघन्य अपराधमाथिको पर्दा उघ्रेको छ।

पीडितले जाहेरी समेत दर्ता गराइसकेको छ। पहिले नै पक्राउ गरेका मनोज साह अविवाहित रहेका छन्।

## सामाजिक सञ्जालमै चुनावी रौनकता

# दलहरु आफ्नै गतिविधिमा व्यस्त

**टुडे समाचारदाता**

जनकपुरधाम। फागुन २१ गते हुने प्रतिनिसभाको निर्वाचन नजिकिदैं जाँदा राजनीतिक दलहरु उम्मेदवार छनोटभन्दा पनि आ-आफ्नो आन्तरिक गतिविधिमा जुटेको देखिन्छ।

निर्वाचन नजिकिदैं जाँदा सामाजिक सञ्जालमा उम्मेदवारको नाम घोषणादेखि पार्टी सिफारिस गरिएको भन्दै आकांक्षी उम्मेदवारका कार्यकताहरुले तीव्र रुपमा प्रचारप्रसचारलाई अघि बढाएको छ।



ठूला भनिएका दलहरु अहिले महाधिवेशनको तयारीदेखि पार्टी एकतासम्ममा व्यस्त देखिएका छन् भने नयाँ र नवगठित दलहरु भने उम्मेदवार छनोटदेखि निर्वाचनको आन्तरिक तयारीमा जुटेका छन्।

कतिपय दल विभिन्न माध्यमबाट चुनावी प्रचारप्रसारमा जुटे पनि उम्मेदवारी छनोटको कार्य भने सुस्त नै देखिएको छ।

देशव्यापी रुपमा पार्टीहरु विभिन्न कार्यमा व्यस्त देखिएका छन्। तर पार्टीहरु उम्मेदवार छनोटका लागि आन्तरिक रुपमा लागे पनि केही नेताहरु आफ्नो प्रचारप्रसारमा कार्यकर्ता लगाएका छन्।

नेपाली कांग्रेस महाधिवेशनको तयारीमा रहेको बेला अहिले संगठित सदस्यताको सूची प्रकाशित भएको छ। जुन विवादित देखिए पछि सोको समाधानका लागि नयाँ सदस्यतासहित संगठित सदस्यताको सूची सच्याउनका लागि पुनः आह्वान गरिएको छ।

त्यस्तै नेकपा एमाले पनि महाधिवेशनको तयारीमा जुटेको छ। भने अर्कोतर्फ संसद पुनर्स्थापनाका लागि सवोच्च अदालतमा मुद्दा दिएको छ। त्यस्तै केही समय अघि नेपाली कांग्रेसले पनि संसद पुनर्स्थापनाका लागि सर्वोच्च अदालतमा मुद्दा दिएको छ।

यता नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीलगायत १६ दल तथा समूह मिलेर गठन गरिएको नेपाली कम्युनिष्ट पार्टी एकता सन्देश अभियानसंगै चुनावी प्रचारप्रसारमा जुटे पनि उम्मेदवार छनोटको लागि कुनै किसिमको तयारी देखिएको छैन।

त्यस्तै मधेश केन्द्रित भनिएका दल जसपा नेपाल चरणवद्ध रुपमा निर्वाचनको तयारीसंगै आन्दोलनको तयारीमा जुटेको छ भने जनमत पार्टीले देशव्यापी रुपमा प्रशिक्षण अभियान नै संचालन गरेको छ। लोसपा नेपालले पनि पार्टीको बैठकबाट प्रदेश सांसद परमेश्वर साहको नाम सिफारिस गरिएको छ।

नवगठित राजनीतिक दलहरु भने चुनावी प्रसारसंगै उम्मेदवारी घोषणाका लागि तछाडमछाडमा लागेका छन्।

हरेक राजनीतिक दलको केन्द्रविन्दुमा रहेको धनुषाको क्षेत्र नम्बर ३ मा उम्मेदवार बन्ने आकांक्षीहरु बढी देखिएका छन्।

कांग्रेसलगायतका अधिकांश दल आन्तरिक गतिविधिमा रहेका बेला पूर्वउपसभातिसमेत रहेका प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधि अहिले देखि नै उम्मेदवारको अग्रपंक्तिमा रहेका छन्।

कांग्रेस धनुषा- ३ को क्षेत्रीय समितिले पूर्वउपप्रधानमन्त्रीसमेत रहेका नेता निधिको नाम प्रतिनिधिसभा सदस्यको आकांक्षी उम्मेदवारका लागि माथिल्लो कमिटीमा सिफारिस गरिएको जनाइएको छ।

त्यस्तै राष्ट्रिय मुक्ति पार्टी (रामुपा)नेपाल धनुषा जिल्ला समितिले धनुषा क्षेत्र नम्बर ३ को उम्मेदवारको आकांक्षीको रुपमा अध्यक्ष राजेन्द्र महतो र उपाध्यक्ष राजीव झाको नाम सिफारिस गरिएको छ।

पार्टीको धनुषा जिल्ला अध्यक्ष राजेश चौधरी राजुको अध्यक्षतामा बसेको जिल्ला कार्यसमितिको बैठकले दुवै नेताको नाम सर्वसम्मत रूपमा सिफारिस भएको छ। अध्यक्ष चौधरीले जनाए अनुसार दुबै जनाको नाम केन्द्रमा सिफारिस गरिने छ। २०७४ मा भएको चुनावमा अध्यक्ष महतो निर्वाचित भएका थिए।


२०७९ को चुनावमा सर्लाहीबाट चुनाव लड्दा उनी पराजय भएका थिए। महतो पुनः धनुषा-३ बाट नै चुनाव लड्ने चर्चा चलिरहेको छ। धनुषा-३ का पार्टीका नेता तथा कार्यकर्ताले पनि अध्यक्ष महतो धनुषाबाट चुनाव लड्न चाहेको र त्यही कारणले उनको नाम बैठकमा प्रस्तावित गरी केन्द्रमा सिफारिस गरिएको बताइन्छ।

अर्कोतर्फ उपाध्यक्ष झाको नाम पनि धनुषा-३ का लागि सिफारिस गरिएको छ। उनले यसअघि नै धनुषा-३ बाट चुनाव लड्ने घोषणा गरेका थिए।

झाले भने, 'अध्यक्षजी यसअघि यहाँबाट चुनाव जित्नुभएको कारण सम्मान स्वरूप उहाँको नाम सिफारिस गरिएको छ, उहाँले इच्छा देखाएमा उहाँलाई नै समर्थन गर्छु।' तर उक्त पार्टीमा भने सचिव संजय चौधरीले उनीहरुको उम्मेदवारीबारे अनभिज्ञता प्रकट गरे।

त्यस्तै कांग्रेस अहिले संगठित सदस्यताको विवादलाई समाधान गर्न र नयाँ सदस्यता थप गर्ने विषयमा जुटेकाले अहिले कुनै पनि समितिबाट आकांक्षी उम्मेदवारको नाम छनोट गर्नका लागि निर्देशन नदिएको कांग्रेस धनुषाले जनाएको छ।

यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को तर्फबाट प्रतिनिधिसभा सदस्य मनिष झा पनि यसतर्फ उम्मेदवारका लागि छनोट गरिएको जनाइएको छ।



# सार्कलाई थप गतिशील बनाउने नयाँ संकल्प आवश्यक छ : प्रधानमन्त्री कार्की

काठमाण्डु । प्रधानमन्त्री एवं परराष्ट्रमन्त्री सुशीला कार्कीले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) लाई पुनर्जीवित गर्ने, अझ गतिशील, समावेशी र कार्यमुखी बनाउने नयाँ संकल्प आवश्यक रहेकामा जोड दिनुभएको छ।



सार्कको ४१औँ चार्टर दिवसको अवसरमा सदस्य राष्ट्रका सरकार र जनतामा शुभकामना व्यक्त गर्दै उहाँले साझा उद्देश्यमा एकताबद्ध भएर यस क्षेत्रका चुनौतीहरूको सामना गर्न, आम हितको रक्षा गर्न र जनताका आकांक्षा पूर्ण गर्न सकिने उल्लेख गर्नुभएको छ।

"झण्डै चार दशकअघि हाम्रा संस्थापक नेताहरूले शान्ति, स्थिरता र साझा समृद्धिले एकीकृत दक्षिण एसियाको कल्पना गर्नुभएको थियो। उहाँहरूको सामूहिक दूरदृष्टिले सार्कको जन्म दियो, एक यस्तो मञ्चको रूपमा, जसले क्षेत्रीय सहयोग प्रवर्द्धन गर्ने, मित्रताको सम्बन्ध सुदृढ गर्ने र हाम्रा जनताको कल्याण वृद्धि गर्ने उद्देश्य राख्दछ", उहाँले सन्देशमा उल्लेख गर्नुभएको छ।

प्रधानमन्त्री कार्कीले विगत वर्षहरूमा सार्कले आपसी समझदारी अभिवृद्धि गर्ने, पारस्परिक विश्वास मजबुत पार्ने र यस क्षेत्रभर जीवनस्तर सुधार गर्ने लक्ष्यसहितका पहलहरू अघि बढाउन महत्वपूर्ण मञ्चको रूप लिन सफल भएको बताउनुभएको छ। खाद्य तथा ऊर्जा सुरक्षा, जलवायु परिवर्तन, डिजिटल विभेद र गरिबी न्यूनीकरणजस्ता समयका जटिल चुनौतीहरूको सामना गर्न सामूहिक आत्मनिर्भरता गहिरो बनाउने, साझा क्षेत्रीय पहिचानलाई पोषित गर्ने कार्यमा सार्क चार्टर निरन्तर मार्गदर्शक बनेको उहाँले उल्लेख गर्नुभएको छ।

उहाँले हालका अध्यक्षको रूपमा, नेपालले सार्क चार्टरमा निहित सिद्धान्तअनुसार मित्रता, एकता तथा सहमतिको भावनाअनुसार सबै सदस्य राष्ट्रहरूसँग नजिकबाट सहकार्य गर्ने दृढ प्रतिबद्धता पुनः व्यक्त गरेको उल्लेख गर्नुभएको छ। संयुक्त प्रयासमार्फत साझा विकास लक्ष्यतर्फको प्रगतिलाई छिटो पार्न सकिने र यस क्षेत्रमा बसोबास गर्ने विश्वको एक चौथाइ जनताका लागि ठोस लाभहरू पुर्‍याउन सकिने प्रधानमन्त्री कार्कीको भनाइ छ। उहाँले यस चार्टर दिवसले सबैमा नयाँ प्रतिबद्धता, गहिरो सहकार्य र क्षेत्रीय एकताको पुनर्जीवित भावना जगाओस् भनी शुभकामना गर्नुभएको छ।

सार्कको स्थापना ८ डिसेम्बर १९८५ मा बङ्गलादेशको ढाकामा सार्क चार्टरमा हस्ताक्षरसँगै भएको हो। सार्कमा अफगानिस्तान, बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्का गरी आठ सदस्य राष्ट्रहरू समावेश छन्। यस सङ्गठनको सचिवालय १७ जनवरी १९८७ मा काठमाडौँमा स्थापना गरिएको हो।

सदस्य राष्ट्रका राष्ट्रप्रमुख वा सरकार प्रमुखको बैठक सार्कअन्तर्गतको सबैभन्दा उच्च निर्णय-निर्माण निकाय हो। शिखर बैठकहरू सामान्यतया दुई-दुई वर्षको अन्तरालमा आयोजित गरिन्छन् र वर्णानुक्रमअनुसार सदस्य राष्ट्रहरूले आयोजना गर्छन्। शिखर सम्मेलन आयोजना गर्ने सदस्य राष्ट्रले उक्त अवधिमा सङ्गठनको अध्यक्षता ग्रहण गर्छ। सार्कका हालसम्म १८ शिखर सम्मेलन भइसकेका छन्। सार्कको १८औँ शिखर सम्मेलन सन् २०१४ नोभेम्बर २६ र २७ मा काठमाडौँमा भएको थियो। त्यसयता सार्कको शिखर सम्मेलन हुन सकेको छैन।

सङ्गठनका सबै तहका निर्णयहरू सर्वसम्मतिका आधारमा गरिने, साथै द्विपक्षीय तथा विवादास्पद विषयहरूलाई सङ्गठनको छलफलबाट बाहिर राखिनेलगायत सार्क चार्टरका उद्देश्य रहेका छन्।रासस

### निर्वाचन आउन ८६ दिन बाँकी

# समानुपातिकतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना

काठमाण्डु । निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालय सोमबार आयोगको कार्यालय परिसरमा स्थापना भएको हो।




कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कार्यालयको उद्घाटन गर्नुभएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। समानुपातिकतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै आयोगको यही मङ्सिर १२ गतेको निर्णयानुसार समानुपातिकतर्फको निर्वाचन अधिकृत तोकिनुभएका आयोगका सचिव माहादेव पन्थले सो जिम्मेवारी बहन गर्नुभएको छ।

उक्त निर्वाचन प्रणालीतर्फ सहायक निर्वाचन अधिकृतका रूपमा आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईलाई तोकिएको छ। समानुपातिक निर्वाचन व्यवस्थापनका लागि कूल ४१ जना कर्मचारी कार्यरत रहनेछन्। कूल २७५ सदस्यीय प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना निर्वाचित हुने व्यवस्था छ।

कार्यालयको उद्घाटन गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले समानुपातिक निर्वाचन प्रणालीका सबै कार्य निर्वाचन अधिकृतको कार्यालयबाट हुने भएकाले सबै सरोकार भएकालाई सहज हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले सूत्रात्मक पद्दतिबाट राष्ट्रिय तथ्याङ्क कार्यालयसमेतको सहयोगमा कानुनबमोजिमका जातीय, भौगोलिक, लैङ्गिकलगायत समूह छुट्याएर प्रतिनिधि चयन गरिने भएकाले सबैपक्षको भरोसा रहने उल्लेख गर्नुभयो।


सो कार्यक्रममा निर्वाचन आयुक्तद्वय डा जानकीकुमारी तुलाधर रसगुन शम्शेर जबरा एवं आयोगका कर्मचारीको उपस्थिति थियो। यस्तै, सोमबार अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र कानुनमन्त्री अनिलकुमार सिन्हाले निर्वाचन आयोगमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र आयुक्तसँग निर्वाचन पूर्वतयारीको अवस्था र आगामी दिनमा निर्वाचन सम्पन्न गर्न सरकारले आयोगलाई उपलब्ध गराउनुपर्ने सहयोगका विषयमा छलफल गर्नुभएको थियो। छलफलमा अर्थमन्त्रीले निर्वाचन सम्पन्न गर्न आयोगलाई आवश्यकपर्ने बजेटको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्हाल्नु भएका कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सिन्हाले निर्वाचन सम्पन्न गर्नका निम्ति आवश्यक कानुनी सहायता उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो। उहाँले निर्वाचन सम्पन्न गर्ने कार्यमा स्वदेशी वस्तु र उत्पादनको प्रयोग गर्न आयोगलाई अनुरोध गर्नुभएको थियो।

सो छलफलबाट प्रतिनिधिसभा सदस्य निर्वाचन र राष्ट्रियसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न थप मद्दत पुगेको आयोगका प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।रासस

# र्‍यापर स्यामुएद्वारा नेपाली विद्यार्थीलाई आफ्नो कारले ठक्कर दिएको स्वीकार

बेलायत। चर्चित ब्रिटिस र्‍यापर क्लार्क स्यामुयलले आफूले चलाएको कारको ठक्करबाट एक नेपाली युवकको ज्यान गएको स्वीकार गरेका छन्।


Justin Clarke-Samuel   Yubin Tamang

बेलायतको महानगरीय प्रहरी लन्डनले, दुर्घटनामा संलग्न भएका गेट्स नामले चर्चित कलाकार स्यामुयलले दुर्घटनामा आफ्नो संलग्नता स्वीकार गरेको जानकारी दिएको हो। आफ्नो आधिकारिक वेभसाइटमार्फत प्रहरीले भनेको छ,"३० माइल प्रतिघण्टा गति निर्धारण गरिएको सडकमा ४१ वर्षीय स्यामुयलले ६० माइलप्रति घण्टाभन्दा बढी गतिमा गाडी चलाइरहेका थिए र सडक पार गर्दै गरेका युविन तामाङलाई ठक्कर दिएका थिए।"

प्रहरीका अनुसार, स्थानीय समयअनुसार गत अक्टोबर १८ राति ११:३० बजे इल्फोर्डको रेडब्रिजमा २० वर्षीय नेपाली विद्यार्थी युविन लामाङलाई ठक्कर दिएपछि स्यामुयल घटनास्थलमा नरोकिई भागेका थिए। ठक्कर दिएको दुई दिनपछि उपचारका क्रममा तामाङको मृत्यु भएको थियो। गतवर्ष सेप्टेम्बरमा बेलायत आउनु भएका उहाँ युनिभर्सिटी अफ रोह्याम्पटनमा 'बिएस्सी बिजनेश म्यानेजमेन्ट' दोस्रो वर्षमा अध्ययनरत हुनुहुन्थ्यो।

दुर्घटनाको अनुसन्धानमा संलग्न महानगरीय प्रहरी इनिस्पेक्टर मार्क ब्रथवेटले भन्नुभयो, "हाम्रो समवेदना युविनको परिवारको साथ छ, यो क्षतिको कुनै पनि हालतमा भरपाई हुनसक्दैन, तर अपराधमा संलग्नता स्वीकार न्याय प्राप्तिको बाटोमा एक महत्त्वपूर्ण कदम हो। यसले युविनको परिवारलाई केही राहत मिल्ने हाम्रो विश्वास छ।"

बेलायतस्थित कार्यवाहक नेपाली राजदूत विपिन दुवाडिले घटनामा संलग्न व्यक्तिले स्वीकार गर्नु पीडित परिवारको न्यायका लागि सकारात्मक पाटो भएको बताउनुभयो। तामाङको निधनपछि न्यायका लागि दूतावासले सक्रिय भूमिका खेलिरहेको पनि उहाँले बताउनुभयो। दुर्घटनापछि भागेका स्यामुयलको वुडफोर्डस्थित घरमा खोजतलास गर्दा प्रहरीले भोलिपल्ट बिहानै उनको नाममा दर्ता र बिमा गरिएको कार क्षतिग्रस्त अवस्थामा फेला परेको थियो।यसैबीच यहाँको अदालतले स्यामुयललाई आगामी माघ २९ गते (फेब्रुअरी १२)मा सजाय सुनाउने जनाइएको छ। रासस

# सरकारले तीन महिना 'मानसिक स्वास्थ्य सचेतना अभियान' सञ्चालन गर्ने

काठमाण्डु । सरकारले बुधबारदेखि 'मानसिक स्वास्थ्य सचेतना अभियान' सञ्चालन गर्ने भएको छ। राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले मंगलबार आयोजित पत्रकार सम्मेलनमा बुधबारदेखि फागुन ३० गतेसम्म तीन महिना अभियान सञ्चालन गर्ने जानकारी दिइएको हो।

केन्द्रकी निर्देशक डा राधिका थपलियाले मानसिक स्वास्थ्य मानसिक स्वास्थ्यबारे सबैले खुलेर कुरा गरौँ। अभियानबाट लाभान्वित होऔँ।"केन्द्रका वरिष्ठ जनस्वास्थ्य प्रशासक उपेन्द्र ढुङ्गानाले मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्यको अभिन्न हिस्साको रूपमा जनचेतना बढाउने उद्देश्यले अभियान थालिएको बताउँदै हरेक महिना फरक खालका विषयमा सचेतनाका कार्यक्रम गरिने जानकारी गराउनुभयो।

विश्व स्वास्थ्य सङ्गठनका



सचेतना फैलाउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको बताउनुभयो। उहाँले 'जेनजी' प्रदर्शनपछि सबै वर्गमा तनाव थपिएको भन्दै अभियानले थोरै भए पनि त्यसमा सकारात्मक भूमिका खेल्ने बताउनुभयो।

निर्देशक डा थपलियाले भन्नुभयो,"पछिल्लो समय सबै वर्गमा तनाव थपिएको छ। त्यसैले मानसिक स्वास्थ्यमा सकारात्मक योगदान दिने उद्देश्यसहित अभियान सुरु गर्दैछौँ। मनोचिकित्सक डा केदार मरहट्टाले मानसिक स्वास्थ्यबारे खुलेर कुरा गर्नुपर्ने बताउनुभयो। उहाँले नेपालमा १० मध्ये एक जनामा मानसिक स्वास्थ्य समस्या रहने बताउँदै यो जनस्वास्थ्यमाथिको गम्भीर चुनौती भएको धारणा राख्नुभयो। नेपाल प्रहरीको तथ्याङ्कअनुसार आव २०८१/८२ मा सात हजार ५५ जनाले मानसिक समस्याका कारण आत्महत्या गरेको पनि त्यस अवसरमा जानकारी दिइयो।रासस

# भ्रष्टाचार नियन्त्रण आफैँबाट सुरु गर्न युवा पुस्ताको जोड

चितवन। 'आँखा चिम्म गरी सपनाको दुनियाँमा हराउनु पर्दैन, आफू सध्य छौँ भने कोहीसँग डराउनु पर्दैन'

जेनजी आन्दोलनका अगुवा अधिराज यादवले यो श्लोक वाचन गर्दा हलमा परर ताली बज्यो। जिल्ला प्रशासन कार्यालय चितवनको आयोजना तथा भ्रष्टाचारविरुद्धको अभियान चितवन एवं भ्रष्टाचारविरुद्ध नागरिक निगरानी संस्था, भ्रष्टाचारविरुद्ध जागरण अभियानले संयोजन कार्यक्रममा यादवले भ्रष्टाचारविरुद्ध सबैजना एकै ठाउँमा आउनुपर्नेमा जोड दिनुभयो।

भ्रष्टाचारविरुद्ध अन्तरराष्ट्रिय दिवसका अवसरमा मंगलबार आयोजित सुशासन र सदाचार प्रवर्द्धनमा प्रतिबद्धता कार्यक्रममा उहाँले देशमा भ्रष्टाचार नियन्त्रण गर्न चाहने हो भने सुरुआत आफैँबाट गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "राजनैतिक दलदेखि सरकारी कार्यालयसम्म र घरदेखि सहरसम्म जतातते भ्रष्टाचारको गन्धले गन्हाएको छ। यसलाई सुधार गर्न लाग्नुपर्छ।" युवा पुस्ताले यो कुरा बुझेको बताउँदै उहाँले अहिलेको समयमा पनि भ्रष्टाचार नियन्त्रण गर्न नसके कहिल्यै नहुने बताउनुभयो।

जेनजी अगुवा आयुष पौडेलले सार्वजनिक खरिद ऐनलाई परिमार्जन गर्दै सरकारी सेवाहरु प्रविधिमैत्री बनाउन सके भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने धारणा राख्नुभयो। गत भदौ २३ र २४ गते भएको प्रदर्शन भ्रष्टाचारविरुद्ध मात्रै नभएर अब युवा जागे है भन्ने सन्देश भएको बताउनुभयो। हरेक स्थानमा जनताको सहभागितालाई आत्मसात् गर्दै अघि बढ्न सके भ्रष्टाचार नियन्त्रण गर्न सकिने उहाँको भनाइ थियो। दलहरुले गरेका राजनैतिक नियुक्तिदेखि कर्मचारीहरुको कमिसनसम्म भ्रष्टाचारको जालो मौलाएको बताउँदै उहाँले यसलाई रोक्न सबै आ-आफ्नो ठाउँबाट लाग्न जरुरी रहेको बताउनुभयो।

जेनजी समूहका चितवन संयोजक आशीष सापकोटाले भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाजदेखि सबै एक हुन जरुरी रहेको बताउनुभयो। अहिले देशमा केही परिवर्तन हुन्छ कि भन्ने आभाष भएको भन्दै उहाँले जनताको खबरदारीले नै देश बन्ने बताउनुभयो। युवा पुस्ताको चाहनाअनुसार शासकहरु अघि नबढ्दा आफूहरु आन्दोलित बन्न बाध्य भएको उहाँको भनाइ छ।

कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले भ्रष्टाचार न्यूनीकरणका लागि युवा पुस्ताको भावनाअनुसार अघि बढ्न आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "सबैले जिम्मेवारी लिएर भ्रष्टाचार नियन्त्रणमा लाग्नुपर्छ।" युवा पुस्ताहरु यसमा चनाखो हुन आवश्यक रहेको उहाँको भनाइ थियो।

सो अवसरमा बोल्ने वक्ताहरुले राजनैतिक दलका नेता एवं राज्य संयन्त्र चलाउने कर्मचारीहरु आफूबाट सुधार गर्दै जाँदा भ्रष्टाचार निवारण गर्न सहयोग पुग्ने बताउनुभयो।त्यस अगसरमा संविधानसभा सदस्य विष्णुमायाँ परियार, भ्रष्टाचारविरुद्धको अभियान चितवनका संयोजक भीमबहादुर श्रेष्ठ, नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, रास्वपा चितवनका सभापति कृष्णप्रसाद भुषाल, नेपाल पत्रकार महासङ्घ चितवन शाखाका अध्यक्ष वसन्त पराजुलीलगायतले भ्रष्टाचार घरघरबाट हटाउन आवश्यक रहेको बताउनुभयो।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | कामकाजमा नयाँ जिम्मेवारी आउन सक्छ। |
| वृष : | आज धैर्य र सहनशीलताको परीक्षा हुन सक्छ। |
| मिथुन : | आज नयाँ अवसर तपाईको नजिक आउन सक्छ। |
| कर्कट : | परिवारको साथले मन बलियो बन्नेछ। |
| सिंह : | काममा प्रशंसा प्राप्त हुने संकेत छ। |
| कन्या : | आफूले गरेको मेहनतको फल पाउनु हुनेछ। |
| तुला : | वैवाहिक जीवनमा सुखद समय आउनेछ। |
| वृश्चिक : | अप्ठयारो काम पनि सहजै पूरा हुनेछ। शत्रुपक्ष कमजोर रहनेछ। |
| धनु : | शिक्षाको क्षेत्रमा राम्रो प्रगति हुनेछ। सामाजिक प्रतिष्ठा बढ्ने समय हो। |
| मकर : | काममा वरिष्ठको साथ मिल्नेछ। पुराना योजना पुनः सुरु हुन सक्छन्। |
| कुम्भ: | रचनात्मक काममा रुचि बढ्नेछ। मित्रको सहयोगले ठुलो काम बन्न सक्छ। |
| मीन : | रोकिएको काम बन्ने सम्भावना प्रबल छ। धनलाभको योग बनेको छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# एमालेको महाधिवेशनका लागि यसरी हुँदैछ यातायात व्यवस्थापन

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औं राष्ट्रिय महाधिवेशनमा आउने प्रतिनिधि तथा पर्यवेक्षकका सवारीसाधन राख्नका लागि तीन ठाउँमा पार्किङको व्यवस्था गरिएको छ।एमालेका सचिव गोकर्ण विष्टको संयोजकत्वमा रहेको यातायात व्यवस्थापन समितिले सार्वजनिक तथा निजी सवारी साधनलाई व्यवस्थित रुपमा पार्किङ गर्नका लागि भक्तपुरका तीन ठाउँमा पार्किङको व्यवस्था मिलाएको हो।

काठमाडौँदेखि पश्चिमबाट



आएका सवारीसाधनलाई गङ्गाघरबाट उत्तरतर्फ नेपाल नागरिक उड्डयन प्राधिकरण र सिटिइभिटीको चौरमा राखिने व्यवस्था मिलाइएको नेपाल लोकतान्त्रिक यातायात व्यवसायी सङ्गठनका अध्यक्ष डेकनाथ गौतमले राससलाई जानकारी दिनुभयो।

यस्तै, काठमाडौँदेखि पूर्वतर्फबाट आएका सवारी साधनलाई जगातीस्थित भाइरल प्लानिङमा पार्किङको व्यवस्था मिलाइएको छ। यस्तै, सिन्धुपाल्चोक, दोलखा, रसुवा, नुवाकोटलगायतका स्थानबाट आएका सवारीसाधनलाई भने कमलविनायक करिडोरमा पार्किङको व्यवस्था मिलाएको अध्यक्ष गौतमले बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को महाधिवेशन यातायात व्यवस्थापन समितिले महाधिवेशनमा भाग लिन आएका सार्वजनिक तथा निजी सवारीसाधनलाई व्यवस्थापन गर्नका लागि नेपाल लोकतान्त्रिक यातायात व्यवसायी सङ्गठन र नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनको संयुक्त प्रतिनिधि रहनेगरी १५ सदस्यीय यातायात व्यवस्थापन समिति गठन गरेको थियो।

अध्यक्ष गौतमले हाल तीन हजार सार्वजनिक भाडाका सवारीसाधन र दुई हजार निजी सवारीसाधन पार्किङका लागि व्यवस्थापन गरिए पनि थप सवारीसाधन आएमा अन्य ठाउँमा पार्किङ गर्नेगरी व्यवस्था मिलाइएको बताउनुभयो। उहाँले महाधिवेशनमा आएका सवार ीसाधन पार्किङका लागि समस्या नहुने उल्लेख गर्नुभयो।आगामी मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुन लागेको एमालेको महाधिवेशनमा भाग लिन हाल ३० प्रतिशत नेता तथा कार्यकर्ता काठमाडौँ आइसकेको बताइएको छ।रासस

# सरकार सुशासनका लागि तीव्र गतिमा कार्यरत छः प्रधानमन्त्री कार्की

काठमाण्डु। प्रधानमन्त्री सुशीला कार्कीले वर्तमान सरकार चुनावी सरकार मात्र नभई सुशासनका लागि तीव्र गतिमा काम गर्ने सरकार भएको बताउनुभएको छ।भ्रष्टाचारविरुद्धको २२औँ अन्तरराष्ट्रिय दिवसका अवसरमा सिंहदरबारस्थित प्रधानमन्त्रीतथामन्त्रिपरिषद्‌को कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले सुशासनको माग राखेर भएको जेनजी आन्दोलनको जगमा बनेको सरकार भएकाले आफूहरुले नियमित कार्यसँगै सुशासनका निमित्त तीव्र गतिमा काम गरिरहेको बताउनुभएको हो।



"जेनजीका माग र अपेक्षा बमोजिमका आशातित उपलब्धि हासिल हुन समय लाग्न सक्छ तर भ्रष्टाचारविरुद्ध जुनसुकै हदसम्मको कठोर कदम चाल्न पनि सरकार पछि हट्ने छैन। यसका निम्ति राज्यका स्थापित संयन्त्र क्रियाशील भइसकेका छन्", प्रधानमन्त्री कार्कीले भन्नुभयो। उहाँले यस दिशामा चालिएका कदमबाट अत्तालिएर कतिपय तत्वले प्रत्यक्ष वा परोक्ष रुपमा धम्क्याए पनि आफूहरु नडराउने बताउनुभयो। सम्बन्धित निकायका पदाधिकारी र राष्ट्रसेवकहरुलाई पनि कति पनि विचलित नभई निर्धक्कसँग आफ्नो व्यावसायिक स्वतन्त्रता उपयोग गरी अघि बढ्न पनि प्रधानमन्त्रीले आग्रह गर्नुभयो।

**प्रधानमन्त्री कार्कीको मन्तव्यको पूर्णपाठ**

संयुक्त राष्ट्र सङ्घीय भ्रष्टाचार विरुद्धको महासन्धि सन् २००३ को डिसेम्बर ९ मा हस्ताक्षर भएको दिनका अवसरमा आज २२औँ भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय दिवस, 'भोलिको निष्ठावान् दिनलाई आकार दिन भ्रष्टाचारविरुद्ध युवाहरुबीच एकता कायम गरौँ' भन्ने नाराका साथ मनाउँदै छौँ।

यस दिवसका अवसरमा नेपाल सरकारका तर्फबाट सम्पूर्ण नेपाली दिदीबहिनीतथा दाजुभाइहरूमा सुशासनको प्रत्याभूतिका लागि भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माणको सपना साकार पार्न आ-आफ्नो तर्फबाट भरपूर सहयोग गर्न प्रेरणा मिलोस्, शुभकामना छ।भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिको पक्ष राष्ट्रको हैसियतले तथा भ्रष्टाचार विरुद्धको विश्वव्यापी प्रयासमा ऐक्यबद्धताका लागि नेपालले पनि हरेक वर्ष यो दिवस मनाउँदै आएको छ।

भ्रष्टाचार वा अन्य गैरकानुनी कार्यबाट आर्जन गरेको सम्पत्ति विदेशमा लुकाउने, गैरकानुनी रूपमा लगानी गर्ने, अन्तर्देशीय वा सङ्गठित अपराधमा प्रयोग गर्नेजस्ता कार्यले अन्तरराष्ट्रिय शान्ति र सुरक्षामा खलल पुग्न सक्ने कुरालाई मध्यनगर गरी राष्ट्र सङ्घको महासभाले यो महासन्धि पारित गरेकाले महासन्धिको प्रभावकारी कार्यान्वयन एवं अन्तरराष्ट्रिय सहकार्य प्रवर्द्धन गर्न यस दिवसको विशेष महत्व रहेको छ।

नेपालले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा सन् २०११ हस्ताक्षर गरी अनुमोदन गरेकोछ नै महासन्धिका प्रावधानलाई रणनीति तथा कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गर्दै आएको छ। त्यसै क्रममा नेपालले भ्रष्टाचारविरुद्धको दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८२ समेत जारी गर्दै छ।भ्रष्टाचारका सबै स्वरूप र आयामहरुलाई अपराधका रूपमा परिभाषित गरी दण्डनीय बनाउने, भ्रष्टाचारसम्बन्धी कसुरको सम्बन्धमा सपुर्दगी, पारस्परिक कानुनी सहायता र भ्रष्टाचारजन्य कसुरबाट आर्जित सम्पत्ति फिर्ता गर्ने स्पष्ट कानुनी तथा संस्थागत व्यवस्था गरिएको छ।

कानुनको उल्लङ्घन गर्ने प्रवृत्ति, खर्चिलो निर्वाचन प्रणाली, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिताको अभाव, गोपनीयतामा रमाउने संस्कृति, उच्च स्वविवेकीय अधिकार तथा स्वार्थको द्वन्द्व, भ्रष्टाचारलाई सामाजिक संरक्षण एवं प्रोत्साहन, कमजोर अनुगमन तथा मूल्याङ्कन प्रणालीजस्ता कारणले भ्रष्टाचार बढेको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा विभिन्न गैरसरकारी निकायहरुका प्रतिवेदनहरुले औँल्याएको छ।

भ्रष्टाचार टाठाबाठा र शक्तिशाली व्यक्तिले गर्ने अपराध भएकाले यसको अनुसन्धानमा जटिलता छ। प्रविधिको विकाससँगै भ्रष्टाचारको शैली र प्रवृत्ति फेरिएको छ। यद्यपि, भ्रष्टाचारविरुद्ध विद्यमान कानुन कार्यान्वयन गर्न, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संस्थागत क्षमता बढाउन, सरोकारवाला निकायहरुसँग सहकार्य गर्न सरकार सधैँ तयार छ।

यो सरकार चुनावी सरकार मात्र होइन। सुशासनको माग राखी भएको जेनजी आन्दोलनको जगमा बनेको सरकार हो। सरकारले नियमित कार्यसँगसँगै सुशासनका निमित्त तीव्र गतिमा काम गरिरहेको छ।जेनजीका माग र अपेक्षा बमोजिमका आशातित उपलब्धि हासिल हुन समय लाग्ला तर भ्रष्टाचारविरुद्ध जुनसुकै हदसम्मको कठोर कदम चाल्न पनि सरकार पछि हट्ने छैन। यसका निम्ति राज्यका स्थापित संयन्त्र क्रियाशील भइसकेका छन्।

यस दिशामा चालिएका कदमबाट अत्तालिएर कतिपय तत्वले प्रत्यक्ष वा परोक्ष रुपमा धम्क्याए पनि हामी डराउँदैनौँ। सम्बन्धित निकायका पदाधिकारी र राष्ट्रसेवकहरुलाई पनि कत्ति पनि विचलित नभई निर्धक्कसँग आफ्नो व्यावसायिक स्वतन्त्रता उपयोग गरी अघि बढ्न म आग्रह गर्दछु।भ्रष्टाचारविरुद्धको कारवाही अघि बढाउँदा केकस्ता व्यवधान आउँछन् भन्ने मलाई अदालतमा कार्यरत रहँदा नै अनुभव भइसकेको हो। त्यस्ता व्यवधान पैदा गर्ने तत्वहरुलाई पनि पहिचान गरी सरकारले कानुनी कारवाहीको दायरामा ल्याउनेछ।

सुशासन कायम गरी सेवाग्राहीहरूलाई सर्वसुलभ ढङ्गबाट सेवा प्रवाह गर्नु राज्यको प्रमुख दायित्व हो भने त्यसका लागि भ्रष्टाचार निवारण अनिवार्य सर्त हो। र, भ्रष्टाचार नियन्त्रणको काम कुनै एउटा निकायको मात्र जिम्मेवारी होइन। एकले अर्कालाई दोष दिएर पनि उम्किन पाइँदैन। प्रत्येक निकाय र कार्यालयमा हुने भ्रष्टाचारको नियन्त्रणमा त्यहाँको प्रमुख नै जिम्मेवार हुन्छ भन्ने स्पष्टतः बुझ्नुपर्छ।तसर्थ, सार्वजनिक जवाफदेहिताका निकाय र पदमा रहनुहुने प्रत्येकलाई म आग्रह गर्छु - तपाईं-हामी जो जहाँ छौँ, त्यहीँ बसेर सोचौँ, आत्मालाई साक्षी राखेर आफ्ना कार्य र व्यवहारको परीक्षण गरौँ, हामी कति इमानदार र प्रतिबद्ध भएर तोकिएको जिम्मेवारी सही ढङ्गले पूरा गर्दैछौँ ?

गत भदौ २३ र २४ गते सडकबाट युवाले भ्रष्टाचारविरुद्धको आवाज उठाएका छन्, हामी सरकारी अड्डामा बस्नेहरुप्रति जनताको आक्रोश, विरोध र वितृष्णा छ कि छैन, सो कुराको समेत विचार पुऱ्याउनुपर्नेछ।

समग्रमा भन्दा जनताका काममा अनावश्यक ढिलासुस्ती गर्ने, जिम्मेवारीबाट पन्छिने, मोलाहिजा गर्ने, अनुचित लाभ लिने, राज्यलाई हानि-नोक्सानी पुऱ्याउने कार्य कुनै पनि बहानामा सह्य हुन सक्दैनन्।अहिले भ्रष्टाचारविरुद्ध नागरिक तहमा अभूतपूर्व जागरण देखिएको छ। र, भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउँदै सुशासन कायम गर्न सार्वजनिक पदाधिकारी एवं राष्ट्रसेवक कर्मचारीहरुले आ-आफ्नो जिम्मेवारी निष्ठापूर्वक पूरा गर्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु।

सामाजिक न्याय, समृद्धि र सुशासनका लागि पनि भ्रष्टाचारको अन्त्य आवश्यक छ। लालसाबिनाको साधारण जीवनशैली अनि मानवता र नैतिकताको महत्व जगाउन सकेमा भ्रष्टाचारमा कमी ल्याउन सकिन्छ। भ्रष्टाचारको समूल अन्त्यका लागि तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चारजगत् एवं आम नागरिक सबैको निरन्तर सहयोग र सहकार्य आवश्यक छ भन्ने सरकारले बुझेको छ र सोही बमोजिमको कार्यका लागि सरकार दृढतापूर्वक अगाडि बढिरहेको छ।रासस

# विश्वले अभूतपूर्व जल सङ्कटको सामना गरिरहेको छः मन्त्री डा परियार



काठमाण्डु। कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियारले विश्व अभूतपूर्व जल सङ्कटको सामना गरिरहेको उल्लेख गर्दै यसको संरक्षणका लागि क्षेत्रीय सहकार्य आवश्यक रहेकामा जोड दिनुभएको छ।राष्ट्रिय प्रकृति संरक्षण कोष र नेपालस्थित संयुक्त अरब इमिरेट्स (युएई) दूतावासले संयुक्त रूपमा आज यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले करिब चार अर्ब मानिसले वर्षमा कम्तीमा एकपटक जल अभावको सामना गर्नुपर्ने अवस्था रहेको उल्लेख गर्नुभयो।

मन्त्री डा परियारले भन्नुभयो, "यदि यो समस्या समयमै सम्बोधन गरिएन भने यो सङ्कटले खाद्य सुरक्षामा गम्भीर असर पार्न सक्छ, मानवीय सङ्कट निम्त्याउन सक्छ, बसाईंसराइको दबाब बढाउन सक्छ र अस्थिरतासमेत निम्त्याउन सक्छ।" विश्वव्यापी जलवायु चुनौतीबीच जल संरक्षण र नवप्रवर्तनः मोहम्मद बिन जायेद वाटर इनीसियटिभका दृष्टिकोण' विषयक कार्यक्रममा उहाँले जल संरक्षण र नवप्रवर्तन जस्ता विषय अहिले विश्व स्थिरता तथा मानव कल्याणका केन्द्र बिन्दुमा रहेका बताउनुभयो।

नेपाल र युएईबीच विश्वास, आपसी सम्मान र दिगो समृद्धिको साझा आकांक्षामा आधारित, तत्पर र विस्तार हुँदै गएको सम्बन्ध रहँदै आएको उल्लेख गर्दै उहाँले यी सम्बन्धहरूको सबैभन्दा बलियो आधार नै हाम्रो जनस्तरको सम्बन्ध भएको बताउनुभयो।मन्त्री डा परियारले नेपाल जलस्रोतमा धनी देश भए पनि धेरै समुदायले सुक्खा महिनामा पानी अभावको गम्भीर समस्या भोगिरहेका उल्लेख गर्दै पहाडी क्षेत्रमा मुहानहरू सुक्दै गइरहेका, तराईमा भू-जल दोहन तीव्र हुँदै गएको र गाउँ-बस्तीका पानी प्रणालीहरू जलवायु परिवर्तन र जनसंख्या वृद्धिका कारण दबाबमा रहेका बताउनुभयो।

"जलवायु परिवर्तनले यी चुनौतीहरूलाई अझ गम्भीर बनाएको छ। पानी पर्ने समयमा अनिश्चितता बढेको छ। महत्वपूर्ण जल भण्डारणका रूपमा रहेका हिमनदहरू पग्लिरहेका छन्। खडेरी, बाढी-पहिरो तथा मौसमी परिवर्तनहरूले कृषि र सामुदायिक पानी आपूर्तिमा प्रत्यक्ष प्रभाव पारिरहेका छन्", उहाँले भन्नुभयो।त्यसैले, पानी सुरक्षा अब समन्वित कार्य, वैज्ञानिक योजना, प्रविधिक नवप्रवर्तन, सामुदायिक साझेदारी तथा अन्तराष्ट्रिय सहकार्य आवश्यक पर्ने अत्यावश्यक राष्ट्रिय प्राथमिकता बनेको उहाँको भनाइ थियो। नेपालको राष्ट्रिय जलस्रोत नीतिले नदी-घाटी तहमा एकीकृत जलस्रोत व्यवस्थापनलाई प्रवर्द्धन गर्ने व्यवस्था गरेको उहाँले अवगत गराउनुभयो।

हिमालय क्षेत्रमा पानीसम्बन्धी मुद्दाहरू परस्पर-सम्बद्ध रहेको उल्लेख गर्दै मन्त्री डा परियारले भन्नुभयो, "हाम्रा नदीहरू, हिमनदीहरू र मौसम प्रणालीहरू सीमापार बग्छन्, जसले धेरै देशहरूको भविष्यलाई जोड्दछ। त्यसैले पानी सुरक्षा केवल राष्ट्रिय प्रयासले मात्र सम्भव हुँदैन। यसका लागि क्षेत्रीय सहकार्य, संयुक्त वैज्ञानिक अनुसन्धान, डेटा साझेदारी, प्रारम्भिक चेतावनी प्रणाली र समन्वित नदी-घाटी योजना आवश्यक छ।"

कार्यक्रममा युएईका राजदूत अब्दुल्ला जर्वान अल शम्सीले पानीलाई जीवन, विकास र वातावरणका लागि आधारभूत संशाधनका रूपमा सुरक्षित राख्न आह्वान गर्नुभयो। उहाँले पानी मानव अस्तित्व, आर्थिक उन्नति र पारिस्थितिक सन्तुलनका लागि अत्यावश्यक भएको बताउँदै विश्वभर करोडौँ मानिस दैनिक रूपमा पानी अभावको सामना गरिरहेको तथ्य उल्लेख गर्नुभयो।

"पानी अमूल्य र सीमित स्रोत हो। जलवायु परिवर्तन, प्रदूषण र जनसंख्या वृद्धि जस्ता चुनौतीहरूको कारण यसको दिगो व्यवस्थापन झनै महत्वपूर्ण बन्दै गएको छ", उहाँले भन्नुभयो। उहाँका अनुसार 'जल संरक्षण' अर्थात् पानीको बचत तथा समुचित व्यवस्थापन अब विकल्प नभई आवश्यकता बनेको छ।वर्षायाममा उपलब्ध पानी सङ्कलन तथा भण्डारण, वर्षा पानी सङ्कलन प्रणाली, दक्ष सिँचाइ प्रविधि, नदी तथा भूमिगत जलस्रोतको संरक्षणजस्ता उपाय अवलम्बन नगरे पानी अभावले खाद्य सुरक्षादेखि स्वास्थ्य र सामुदायिक स्थायित्वसम्म जोखिम बढ्ने राजदूत शम्सीले बताउनुभयो।

उहाँले सन् २०२४ मा युएईका राष्ट्रपति महामहिम मोहम्मद बिन जायेद अल नाह्यानले प्रारम्भ गर्नुभएको 'मोहम्मद बिन जायेद वाटर इनिसिएटिभ' ले विश्वव्यापी जल अभाव समाधानका लागि नयाँ प्रविधि, लगानी र अन्तराष्ट्रिय समन्वयलाई प्रवर्द्धन गरिरहेको जानकारी दिनुभयो।रासस

# उखुको मूल्य निर्धारणमा चित्त बुझाउँदै किसान

महोत्तरी। सरकारले सोमबार उखुको मूल्य र अनुदान रकम निर्धारण गरेको छ। तर महोत्तरीका उखु किसानले भने सरकारले आफूहरुको मागअनुसार मूल्य नतोके पनि गत वर्षभन्दा केही बढाएको उल्लेख गर्दै चित्त बुझाएका छन्।

"हाम्रो त खेतीमा बढ्दो लागत र आम उपभोग्य वस्तुमा भएको मूल्यवृद्धि हेर प्रतिक्विन्टल रु ७५० पाउनुपर्छ भन्ने थियो। तर सरकारले मूल्य र अनुदान निर्धारणमा ६९० रुपैयाँ मात्रै निर्धारण गरिदियो", उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले भन्नुभयो। उहाँका अनुसार मूल्य र अनुदानसमेत गर्दा गत वर्षभन्दा प्रतिक्विन्टल रु ७० ले बढेको छ। सरकारले सोमबार चिनी उद्योगले दिने मूल्य प्रतिक्विन्टल रु ६२० र सरकारले दिने अनुदान रु ७० गरी जम्मा प्रतिक्विन्टल रु ६९० निर्धारण गरेको छ।

यतिबेला खुड्डी उखु (दोस्रो वर्षको बाली) चाँडै काटेर अन्य फसल समयमै लगाउन पर्ने दबाबले किसान अब चाँडै उद्योग सञ्चालन



पर्खेर बसेका छन्। "अहिले हामीसँग मूल्यमा चित्त दुखाएर सरकारसँग निहुँ खोज्ने समय छैन, अब खुड्डी उखु काट्न ढिलाइ भए खेतबारी छ महिना बाँझै बस्ने चिन्ता छ", भङ्गाहा-४ का किसान अरुण गिरी भन्नुहुन्छ, "अब चाँडै उद्योग सञ्चालन होस् भन्ने हतारो छ।" एकपटक लगाएर दुई वर्ष बाली लिन पाइने उखुको पहिलो वर्षको फसललाई 'मुडन' र दोस्रो वर्षको लाई 'खुड्डी' भनिन्छ। खुड्डी उखु काटेर पुस तेस्रो साताभित्र अन्य बाली लगाइ सक्नुपर्ने समयको दबाबमा अहिले आफूहरु रहेको गिरीको भनाइ छ।

पुस तेस्रो साताभित्र अर्को बाली नलागे असारसम्म पर्खन पर्ने किसानको भनाइ छ। "अहिले बाली लगाउन नपाए खेतबारी रुखिन्छ, अनि जेठ/असारमा पर्ने पानी पर्खन पर्ने हुन्छ", बर्दिवास-९ पशुपतिनगरका किसान रामविनोद महतोले भन्नुभयो, "यसैले अहिले खुड्डी उखु काट्ने हतारो परेको हो।"

उखु किसान र यिनका प्रतिनिधिसंस्था उखु उत्पादक कृषक सङ्घ, उखु उत्पादक किसान महासङ्घले प्रत्येक वर्ष उखुको मूल्य निर्धारण कार्तिक मसान्तभित्र गरिसक्नुपर्ने र मङ्सिर दोस्रो साताभित्रै खुड्डी उखुको क्रसिङ खोल्नुपर्ने माग राख्दै आएका छन्। सरकारले सधैँजसो किसानलाई मूल्य मान्न बाध्य हुने बेला पारेर मूल्य निर्धारण गर्ने गरेको बर्दिवास-१२ बिजलपुराका किसान विश्वनाथ सिंह बताउनुहुन्छ।

"सरकारले यसपाली उखुको मूल्य प्रतिक्विन्टल रु ३५ बढ्यो। अनुदान रु ७० दिने घोषणा गऱ्यो", उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष कुशवाहा भन्नुहुन्छ, "गत वर्षभन्दा यो निकै राम्रो हो।" गतवर्ष उखुको मूल्य रु ५८५ प्रतिक्विन्टल र अनुदान सरकारले रु ३५ मात्र दिएको थियो। जिल्लाको गौशाला-१ रामनगर स्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिज अझै सञ्चालनको सुरसारमा नहुँदा खुड्डी उखु काट्ने बेला घर्किन लागेको किसानको चिन्ता छ।रासस

# न्यायको जीत भएको कार्यकारी निर्देशक शाक्यको भनाइ



काठमाण्डु। सर्वोच्च अदालतले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा पुनःबहाली गरेपछि हितेन्द्र शाक्यले न्यायको जीत भएको प्रतिक्रिया दिनुभएको छ। राससँग कुरा गर्दै उहाँले सरकारको निर्णयबाट आहात भएकामा न्यायालयले राहत दिएको बताउनुभयो।

शाक्यले भन्नुभयो, "न्यायलयको निर्णयले राहत महसुस भएको छ।" उहाँले आफ्नो योग्यता र क्षमताअनुसार देश, जनता र प्राधिकरणको हितमा काम गर्ने पूर्ववत् प्रतिबद्धता दोहोऱ्याउनुभयो।

सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले शाक्यका पक्षमा परमादेश जारी गरेको हो। सरकारले गत असोज ५ गते शाक्यलाई कार्यकारी निर्देशकबाट जल तथा ऊर्जा आयोगमा सरुवा गरी मनोज सिलवाललाई नियुक्त गरेको थियो। सरकारको निर्णयविरुद्ध शाक्यले सर्वोच्चमा रिट दायर गर्नुभएको थियो।रासस


मधेश प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
**जनकपुरधाम, धनुषा**


## जनता आवास कार्यक्रम संचालन सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस पूर्वाधार विकास कार्यालय धनुषा अन्तर्गत संचालित ब.उ.शि.न. ११.१.२.२१०७ अन्तर्गत जनता आवास कार्यक्रम (संघ सशर्त अनुदान) को यस जिल्ला अन्तर्गत गत विगतमा निर्माणाधिन आवास तथा निर्माण सम्पन्न भई भुक्तानी बाँकि रहेका आवासहरुको लाभग्राहीलाई आ-आफ्नो कागजात सहित ३० दिन भित्र यस कार्यालयमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**निवेदन साथ संलगन गर्नुपर्ने कागजातहरु**

१. कार्यदेश
२. लागत ईस्टिमेट
३. सम्झौता
४. लाभग्राही वा निर्माण समितिको निर्णयहरु
५. आवास ईकाईको हाल सम्मको तस्विरहरु
६. सम्पर्क व्यक्तिको
नामः- पंकज कुमार झा
सम्पर्क नः ९८६३८८४१६४

नि. कार्यालय प्रमुख



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# रेलमार्ग निर्माणमा ढिलाइ नगर

संसारमा विकासका लागि रेल महत्वपूर्ण साधन बनेको छ। द्रुत रेल सेवा, मेट्रो रेल सेवालगायत अत्यन्त आरामदायी रेल सेवाहरु छिमेकी देश भारत र चीनमा सञ्चालित छन्। रेलमा सेवा, सुविधाहरु थप गर्दै यात्राको समयलाई समेत छोटो बनाउने कार्यहरु भइरहेका छन्। सवारी साधनहरु मध्ये रेललाई सर्वाधिक लाभ मानिएको छ। अन्य सवारी साधनहरुको तुलनामा रेल बढी सुरक्षित र भरपर्दो रहेको छ। यात्रुवाहक र मालबाहक रेल सेवा अलगअलग सञ्चालनमा रहेकाले यात्रु र मालसमान ढुवानीमा समेत सरल भएको छ। रेल प्रायः संसारको अधिकांश देशमा सञ्चालनमा रहेको छ। रेलसेवामा भइरहेको अत्याधुनिक परिवर्तनले यात्रुलाई समेत अत्यन्त सहज हुन थालेको छ। रेलको यात्रा गर्नेलाई कठिनाइ हुन नदिन सरकार र रेल्वे कम्पनीहरु बढी गम्भीर देखिन्छ। हुन त युरोप, जापान, चीनलगायतका विकसित देशहरुमा रेलको विकास र सेवा अत्यन्त भरपर्दो, अरामदायी, किफायती र कम समय लाग्ने किसिमको रहेको छ। तर नेपालमा हाल कुल ४५ किलोमिटर दुरीमा यात्रुवाहक रेल सेवा मात्र सञ्चालनमा छ। भारत सरकारको सहयोगमा सञ्चालित रेलको अवस्था सन्तोषजनक छैन। यात्रु मात्र ओसारपसार गरेर रेल ठूलो आर्थिक नोक्सानमा रहेको बताइन्छ। लामो समय आर्थिक भार वहन सरकारले समेत नगर्ने भएपछि रेल बन्द हुन सक्ने उच्च जोखिम छ। भारतमा रहेका अंग्रेजहरुले नेपालको जंगलबाट सखुवा काठ ढुवानीका लागि भारतको जयनगरदेखि महोत्तरी जिल्लाको सीतापुर भंगहासम्म रेल चलाएको थियो। भारतीयहरुले अंग्रेजलाई भारतबाट भगाएपछि सो रेल यात्रु ढुवानी गर्न थाले। हाल पनि त्यति दुरीमा नै यात्रु ढुवानीका लागि सञ्चालन भइरहेको छ। रेलको इञ्जिन, लिक र पूर्वाधारहरु पनि भारतले निर्माण गरिदिएको छ। तर त्योभन्दा धेरै ठूलो र अत्यन्त महत्वाकांक्षी योजनाको रुपमा रहेको भारतको रक्सौलदेखि काठमाण्डु जोड्ने रेलमार्गको डीपीआर तयार भएको छ। सीमामा रहेको भारतीय सहर रक्सौलदेखि काठमाण्डुसम्मको १ सय ४१ किलोमिटर लामो दुरीमा ब्रोडगेज रेल निर्माणको प्रक्रिया अगाडि बढाउन सम्भवतः सन् २०२६ सालको प्रारम्भमा नै टेण्डर गरिने छ। रक्सौलदेखि हाल काठमाण्डुसम्म सडक मार्गबाट कम्तिमा ५ देखि ५ घण्टा लाग्ने गरेको छ। तर रेलमार्ग तयार भएपछि ३ घण्टामा सो दुरी तय हुनेछ। २५ हजार करोड भारतीय रुपैयाँको लागतमा निर्माण हुने रेलमार्गमा यात्रु र मालवाहक दुवै रेल सञ्चालन हुनेछ। यसले भारतसमेत तेस्रो मुलुकबाट अयात हुने मालसमानहरुको ढुवानी खर्चमा निकै कमी आउनेछ। रेल मार्ग निर्माणमा थोरै पनि ढिलाइ नगरी दुबै देशले द्रुतगतिमा कार्य अगाडि बढाउनु पर्छ।

# विदेशीएका नेपालीहरू किन सामाजिक सञ्जालमा आक्रोश पोख्छन ?



धर्मराज तिमिल्सीना

सामाजिक सञ्जालले अभिव्यक्तिको स्वतन्त्रता सबैलाई दियो। तर स्वतन्त्रता जति व्यापक भयो, उत्तरदायित्व त्यति नै कमजोर हुँदै गयो। अझ अचम्म त के छ भने जहाँ विचारले शक्ति दिनुपर्ने थियो, त्यही प्लेटफर्ममा आज गालिगलौज, अश्लीलता, चरित्रहत्या र व्यवस्थित भ्रम निर्माणको हुलमुलले डिजिटल नागरिकतालाई नै संकटमा पारेको छ। नेपालजस्तो संक्रमणशील समाजमा यो प्रवृत्ति झन् तीव्र देखिनुको कारण के ? कस्तो घर-परिवारमा हुर्केका मानिस यस्ता व्यवहारतर्फ बढी झुक्छन् ? किन विदेश गएका नेपालीहरू अकस्मात् "आक्रोश-प्रधान राष्ट्रवादी" वा "सर्वज्ञाता विश्लेषक" भएर उदाउँछन् ? र Fake News, भ्रामक वीडियो, लाइक-कमेण्ट-भ्युज र 'डलर इकोनमी'को आकर्षणले किन सामाजिक असभ्यतालाई बजारमा रूपान्तरण गरिदिएको छ ? यो सोचनिय छ।

**असभ्यताको जरोः घरपरिवार, संस्कार र अभाव**

असभ्य डिजिटल व्यवहार (Digital Misconduct) आकस्मिक हुँदैन। यो घर-परिवारको सञ्चार संस्कृति बाटै शुरू हुन्छ। दण्डात्मक पारिवारिक संरचना, जति परिवारमा बच्चालाई बोल्न नदिने, आलोचना सुन्न नसक्ने, समस्या छलफल गर्नुको सट्टा दण्ड धम्की दिने, गालीलाई सामान्य भाषिक अभ्यास बनाइने त्यस्तो वातावरणमा हुर्केको मनोविज्ञानले असहमतिलाई पनि गालीको भाषामै अनुवाद गर्छ। यस्ता परिवारमा बच्चा भावनात्मक बुद्धिमत्ता (Emotional Literacy) सिक्दैन। उनको भावसंयम क्षमता कमजोर छ। र वयस्क भएपछि असहमति नै गाली बन्न पुग्छ। अर्को नशा, असुरक्षा र "हामी-ऊनी" मानसिकता 'नसा सेवन' सामाजिक सञ्जालको व्यवहारसँग गहिरो सम्बन्ध राख्छ। नशाले Brain's Inhibitory Control System कमजोर बनाउँछ। यसपछि मानिस तुरुन्तै आक्रोशित हुन्छ, विवेक नचलाइ बोल्छ, अरूलाई तुच्छ देखेर मात्र श्रेष्ठ महसुस गर्छ यसैले "नशामा होस गुमाई, गालिगलौज गर्ने" घटना सामान्य बनिरहेका छन्। यसलाई मनोविज्ञानमा Disinhibition Effect भनिन्छ, जसले डिजिटल प्लेटफर्ममा "बिना डर, बिना फिल्टर" बोली निस्कने अवस्था बनाइदिन्छ।

**विदेश गएका नेपालीहरू किन डिजिटल आक्रोशी बन्छन?**

विदेश पुगेपछि धेरैको मनोविज्ञानमा तीन बुँदाले निर्णायक भूमिका खेल्छन् सामाजिक नियन्त्रणको क्षयः- विदेशमा परिवार टाढा, समाजको प्रत्यक्ष नियमन छैन, मानिसलाई "कोही के भन्ला?" भन्ने डर हुँदैन यसले उनीहरूलाई आफ्नो वास्तविक मनोवृत्ति खुलेर सार्वजनिक गर्ने स्वतन्त्रता दिन्छ। कसैलाई सदाचार देखिन्छ, कसैलाई असभ्यता। आर्थिक-भावनात्मक तनाव र डिजिटल निकास, विदेशमा नेपालीको वास्तविकता १४-१६ घण्टा कडा श्रम, भिसा अवधि चिन्ता, भविष्य अनिश्चितता, परिवारको अपेक्षा, सामाजिक दबाब यी सबैले मानसिक तनाव बढाउँछ। तनावले 'निकास' खोज्छ। आक्रोशका लागि सबैभन्दा सजिलो स्थान सामाजिक सञ्जाल नै हो। त्यसैले राष्ट्रप्रेमले प्रारम्भिक ऊर्जा दिन्छ तर त्यसकै साथ घृणात्मक आलोचना पनि टाँसिन्छ। "ज्ञानको भ्रम" थोरै सूचना, धेरै आत्मविश्वास, इंटर नेटमा सूचना प्रचुर छ। तर सूचना पाउनु, ज्ञान प्राप्त हुनु होइन। थोरै सुनेपछि आफूलाई "अभिज्ञ" ठान्ने प्रवृत्तिलाई मनोविज्ञानमा Dunning–Kruger Effect भनिन्छ। विदेश पुगेकै केही महिनामा सबै राजनीतिक नेता नालायक देखिन थाल्छन्, आफूलाई राष्ट्र तराजुमा राखेर 'कसरी देश चलाउने' थाहा छ जस्तो लाग्छ, केही युट्युबरले बनाएको भ्रमलाई सिद्धान्त ठानिन्छ यसरी अकस्मात् धेरैजना "सर्वज्ञाता विश्लेषक" बनी सोशल मिडियामा वर्चस्व जमाउन खोज्छन्।

**Fake News, भ्युज, अर्थतन्त्र र डिजिटल अराजकता**

नेपालको डिजिटल बजारमा अहिले सबैभन्दा ठूलो रोग छ भ्रमलाई व्यवसाय बनाउने प्रवृत्ति। अन्तर र्राष्ट्रिय अनुसन्धानहरू भन्छन् आक्रोश, डर, गाली, विवाद यस्ता सामग्री शान्त, तथ्यपरकभन्दा धेरै छिटो फैलिन्छन्। किनकि एल्गोरिद्मले Reaction–Based Economy चलाउँछ। जोले धेरै प्रतिक्रिया ल्याउँछ, उसले पैसा कमाउँछ। त्यसैले अहिले गाली गर्दा भ्युज बढ्छ, झूट बोल्दा ट्रेन्डमा परिन्छ, अर्काको चरित्रहत्या गर्दा लोकप्रियता हासिल गरिन्छ, भ्रम छर्दा राजनीतिक प्रभाव बढ्छ भन्ने नकारात्मक मानसिकता बढिरहेकोछ। पहिले कमाइका स्रोत सीमित थिए। आज फेसबुक मोनेटाइज, टिकटक बोनस, युट्युब रिभेन्यू, स्पोन्सर विज्ञापन, राजनीतिक प्रेरित सामग्री यी सबैले "गाली बेच्ने उद्योग" चलाएका छन्। असत्य फैलाउने, राष्ट्रविरोधी घृणा वा अन्धराष्ट्रवाद बेच्ने, चरित्रहत्या गरेर चर्चिन खोज्ने यी सबै डिजिटल बजारका उत्पाद बनिसकेका छन्। जसलाई पत्रकारिताको नैतिकता विरुद्धको नयाँ 'डिजिटल व्यवसाय' भनेर लिन सकिन्छ।




**राजनीतिक मनोविज्ञानको प्रभाव**

नेपालमा राजनीतिक चेतना बढेको छ। तर राजनीतिक परिपक्वता त्यति बढेको छैन। भावनात्मक राजनीति यहाँ हाम्रा धेरै नागरिक राजनीतिक विषयलाई "टीम-स्पोर्ट्स" जस्तै हेर्छन् हाम्रो नेता देवता, अर्को नेता शत्रु त्यसैले आलोचना भएमा व्यक्तिगत अपमान ठानिन्छ र, गाली प्रतिस्थानमा उत्रिन्छ। सत्तापक्ष र विपक्षको डिजिटल युद्धले सामाजिक सञ्जाल तरङ्गिन पुगेको छ। आज नेता, दल, कार्यकर्ताहरूको सामाजिक सञ्जाल ब्यवहार स्वयं उदाहरणीय छैन। राजनीतिक शक्ति प्रदर्शन डिजिटल माध्यममै हुने भएपछि 'डिजिटल कार्यकर्ता', फेक अकाउन्ट, संगठित हुल मार्फत विरोधीको चरित्रहत्या गर्ने गतिविधि संस्थागत जस्तै बनेको छ। रुटिन अफ नेपाल बन्द बालेन रवी र रास्वपाको यो गलत संस्कारले नागरिक मनोविज्ञानलाई झन् प्रदूषित बनाएको छ। यो केवल डिजिटल समस्या होइन, दीर्घकालीन राष्ट्रिय क्षति हो। समाजको भाषा संस्कृति बिग्रिन्छ, युवा पुस्तामा असभ्यता सामान्यिकरण हुन्छ, 'छोटो बाटो' (Shortcut fame) रोज्ने प्रवृत्ति बढ्छ, राजनीतिक ध्रुवीकरण तीव्र बन्छ, तथ्य खोज्ने चेतना हराउँछ, नेतृत्वप्रतिको विश्वास कमजोर हुन्छ, सामाजिक एकता क्षय हुँदै जान्छ सबैभन्दा ठूलो क्षति सुरक्षित डिजिटल सार्वजनिक क्षेत्र (Digital Public Sphere) भत्किन्छ।

**कसरी सुधारिने?**

- स्कूलदेखि विश्वविद्यालयसम्म 'क्रोध व्यवस्थापन, संवाद कला, असहमति संस्कार' जस्ता विषय समावेश गर्दै भावनात्मक शिक्षा (Emotional Literacy) पाठ्यक्रम मै समावेश गर्न आवश्यक छ।
- डिजिटल नागरिकतालाई कानुनी ढाँचामा ल्याइनुपर्छ। चरित्रहत्या, झूट प्रचार, साइबर आक्रमण, बदनियतपूर्ण भ्रम यी सबैलाई कडाइका साथ दण्डनीय विषय बनाउनुपर्छ।
- राजनीतिक दलले डिजिटल संस्कारको उदाहरण राख्नुपर्छ। जब राजनीतिक नेतृत्व नै आक्रोश, कटाक्ष, झूट, गाली प्रयोग गर्छ समाज पनि त्यही बाटो लाग्छ। राजनीति सभ्य भएपछि डिजिटल संस्कृति पनि सभ्य बन्छ।
- डिजिटल प्लेटफर्ममा 'सत्यको इन्फ्रास्ट्रक्चर' निर्माण गर्नुपर्छ। Fact–check unit, Community moderation, Verified analytical content, Responsible influencer model यी सबै नहुँदा सामाजिक सञ्जाल गलत सूचनाको जंगल बनेको छ।

**निष्कर्ष**

यो केवल व्यवहारको समस्या होइन, समाजको दर्पण हो। नेपाल अहिले आर्थिक, सामाजिक, राजनीतिक र डिजिटल संक्रमणको बीचमा छ। संक्रमणको प्रत्येक असन्तुलन मानिसको भाषामा झल्किन्छ। गाली, घृणा, भ्रम, चरित्रहत्या यिनलाई केवल इन्डिभिजुअल फेलियर मान्नु भ्रम हो। यी त हम्रो समाज, संस्कार, राजनीतिक संस्कृति र डिजिटल अर्थतन्त्रको सामूहिक प्रतिबिम्ब हुन्। सभ्य डिजिटल युग चाहिएको हो भने समाधान केवल एकै स्थानमा भेटिन्छ "ज्ञान, संयम र उत्तरदायित्वमा आधारित नागरिक संस्कृति" र त्यो संस्कृति सरकारले मात्रै होइन, हामी सबैले मिलेर सामाजिक चेतना मार्फत निर्माण गर्नुपर्छ।

# जब "आइम्याक्स"मा देखाइयो "गोर्खा वारियर"

भेषराज कार्की

आधुनिक चलचित्र भवनका लागि विकसित गरिएको अत्याधुनिक प्रदर्शन प्रणाली 'आइम्याक्स' हो। साधारणभन्दा धेरै ठूलो पर्दा, उच्च रेजोल्युसनका 'क्यामेरा र प्रोजेक्सन', शक्तिशाली ध्वनि प्रणाली तथा उत्कृष्ट चित्र गुणस्तर यसको विशेषता हुन्। विशेषतः 'आइम्याक्स'कै लागि छायाङ्कन गरी तयार गरिएको चलचित्र यस्तो प्रविधि भएको हलमा हेर्दा पर्दामा देखिने दृश्य अझ जीवन्त, विस्तृत र वास्तविक जस्तै अनुभव हुने दर्शकको भनाइ छ।

विश्वभर लोकप्रिय मानिने 'आइम्याक्स' प्रविधि भएको चलचित्र भवन नेपालमा भने छैन।

चलचित्र भवन नभएकै कारण 'आइम्याक्स' प्रविधिमा नेपाली चलचित्र प्रदर्शन हुने कुरा कल्पनाभन्दा परको सपना जस्तै हो। तर करिब दुई वर्षअघि २०८० भदौको अन्तिम साता नेपाली चलचित्र बेलायतको लन्डनस्थित लेस्टर स्क्वायरमा रहेको 'आइम्याक्स सिने वर्ल्ड' मा देखाइयो। बेलायतमा आफ्नो छुट्टै प्रभाव छाड्न सफल गोर्खा सैनिकको कथामा तयार गरिएको 'गोर्खा वारियर' पहिलोपटक 'आइम्याक्स' प्रविधिमा प्रदर्शन हुने नेपाली चलचित्र बन्यो।

पूर्वगोर्खा सैनिक रहिसक्नुभएका निर्देशक मिलन चाम्सले निर्देशन गर्नुभएको उक्त चलचित्रमा सन् १९४९ मा मलाया जङ्गलमा बेलायती सेनामा आबद्ध गोर्खा सैनिकले लडेको लडाइँको कथामा देखाइएको छ। भारतीय चलचित्रले समेत 'वर्ल्ड प्रिमियर' को अनुमति पाउन सङ्घर्ष गर्नुपर्ने लेस्टर स्क्वायरको 'आइम्याक्स' मा नेपाली चलचित्र प्रदर्शन हुनु नेपालका लागि गौरवको विषय भएता पनि यसका लागि निकै समय लागेको थियो। निर्देशक चाम्सले विदेशी चलचित्रको 'प्रिमियर' हुँदा नेपाली चलचित्रलाई त्यहाँ प्रदर्शन गर्ने र नेपाली कलाकर्मीलाई त्यहाँ 'रेड कार्पेट' मा हिँडाउने सपना देख्ने गरेको बताउनुभयो।

"विदेशी कलाकार र उनीहरुले अभिनय गरेको चलचित्रको तामझाम हेर्दा एक दिन म आफैँ यहाँ नेपाली चलचित्र ल्याउँछु भन्ने लाग्थ्यो। त्यसका लागि मैले चलचित्र निर्देशन गरेदेखि नै प्रयास नगरेको होइन तर 'आइम्याक्स' प्रविधि रहेको चलचित्र भवनको आफ्नै नीतिनियम हुन्छ। सोही कारणले सुरुआती दिनमा आफ्ना चलचित्रलाई त्यहाँ प्रदर्शन गर्न सकिन", उहाँले भन्नुभयो।

'गोर्खा वारियर' अगाडि निर्देशक चाम्स आफैँले निर्देशन गर्नुभएको अन्य नेपाली चलचित्र 'प्रिमियर' गर्न गरिएको प्रस्तावलाई 'आइम्याक्स सिने वर्ल्ड' ले अस्वीकार गरिरहेको थियो। उनीहरूले विषयवस्तु, भाषागत क्षमता, प्राविधिक सहजता लगायतका विविध पाटोलाई हेर्ने गर्थे। निर्देशक चाम्स आफैँले पनि यी तथ्यलाई धेरैपछि बुझ्नुभयो।

"लन्डनमा रहेको आइम्याक्समा प्रिमियर गर्न पैसा भएर मात्र हुँदैन। उनीहरूले कुन भाषा, स्टार वा कम्पनीको चलचित्रलाई 'प्रिमियर' गर्‍यो भन्ने हुन्छ। सम्भवतः म आफैँ पनि अन्य चलचित्र त्यहाँ प्रदर्शनी गर्न सक्दिन। त्यहाँ खर्चालु मात्र नभएर धेरै कुरा मिलाउनुपर्ने हुन्छ। मैले 'गोर्खा वारियर' को प्रिमियर गर्न पाउनाका कारण गोर्खालीप्रति बेलायतीको सम्मान र हाम्रो वीरताको गाथा नै हो", निर्देशक चाम्सले भन्नुभयो।

पटकपटकको प्रयासमा असफल हुनुभएका निर्देशक चाम्सले 'गोर्खा वारियर' चलचित्र 'आइम्याक्स' प्रविधिमा 'प्रिमियर' गर्न एक वर्षको समय नै छुट्याएर तयारी गर्नुभयो। चलचित्र भवनलाई गोर्खा सैनिकको वीरताको कथामा बनेको चलचित्र प्रिमियर गर्ने भनेर चिठी लेख्नुभयो। बेलायतमा नेपाली र गोर्खा सैनिकलाई गर्ने सम्मानका कारण चलचित्र भवनले एउटा समय दियो। उक्त समयका लागि आर्थिकसँगै त्यहाँ मिलाउनुपर्ने प्राविधिक पक्षहरूले कैयौँ रात निर्देशक चाम्सलाई निदाउन दिएनन्। फलतः एक दशकको एउटा सपनाले मूर्तरुप पायो।

"गोर्खा सैनिकको कथा नभएको भए संवत 'प्रिमियर' गर्ने अनुमति पाउने थिएनौँ। त्यसपछि त्यहाँ 'रेड कार्पेट' गरिने स्थानमा रहेका पसलहरूसँग सहमति लिनुपर्छ। त्यहाँ आउने विशिष्ट अतिथिका लागि सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाउनु पर्छ। सबैभन्दा महत्वपूर्ण हामीले हाम्रो प्रविधिमा तयार गरेको चलचित्रलाई 'आइम्याक्स' प्रविधिमा रुपान्तरण गर्नुपर्छ। यी सब सपनालाई मूर्तरुप दिन धेरै रात अनिदो बसेर काम गरेको छु", निर्देशक चाम्सले भन्नुभयो।

नेपाली चलचित्र लेस्टर स्क्वायरमा 'प्रिमियर' हुने खबरले लन्डनमा निकै चर्चा पाएको थियो। लेस्टर स्क्वायर त्यसै पनि विभिन्न चलचित्र भवन, नाटक मञ्चन गरिने रङ्गमञ्चलगायतका लागि प्रसिद्ध छ। त्यहाँ हरेक कोणमा चलचित्र र कला देखिन्छ। लन्डन मात्र नभई इङ्ल्यान्डकै 'सिनेमा हब' का रुपमा परिचित उक्त स्थानमा भएको नेपाली चलचित्रको गतिविधिले बजार विस्तारको सम्भावनालाई पनि सघाएको थियो। त्यहाँ आइपुग्ने चलचित्र पारखीले नेपाली चलचित्रको प्रदर्शनी हुँदैछ भन्दा निकै चासोपूर्वक बुझ्न खोज्थे।

"मैले २० वर्षअघि देखेको यो सपना पूरा गरेँ। त्यसको प्रभाव नेपालमा के कस्तो पर्‍यो त्यो भन्न सक्दिन तर नेपाली चलचित्र अत्याधुनिक प्रविधिसँगै बेलायतको मुख्य स्थानमा प्रदर्शन भयो, जहाँ विश्वका प्रसिद्ध निर्देशकका चलचित्र प्रदर्शन हुन्छन्। यसले कालान्तरमा सम्पूर्ण नेपाली चलचित्रलाई टेवा पुर्‍याउने छ", निर्देशक चाम्सले भन्नुभयो। 'आइम्याक्स सिने वर्ल्ड' मा प्रदर्शनी गर्ने तय भएपछि निश्चित शुल्क लिएर चलचित्र भवनले नै 'गोर्खा वारियर' लाई 'आइम्याक्स' प्रविधिमा रुपान्तरण गरेको निर्देशक चाम्सले जानकारी दिनुभयो।

लन्डनमा उक्त प्रदर्शनीको चर्चा अझै हुने गर्छ। त्यहाँ आठ सयको हाराहारीमा दर्शकले चलचित्र हेरका थिए। नेपाली चलचित्रलाई 'आइम्याक्स' प्रविधिमा हेर्नुको अनुभव छुट्टै रहेको भनाइ उक्त प्रदर्शनीमा सहभागी हुनुभएका नेपालका सञ्चारकर्मी तथा गीतकार नरेश भट्टराईले बताउनुभयो।

उहाँले भन्नुभयो, "त्यो क्षणलाई शब्दमा व्यक्त गर्नै सकिँदैन। चलचित्र हेराइको अत्याधुनिक अनुभव हो, 'आइम्याक्स'। त्यहाँ नेपाली चलचित्र पहिलोपटक प्रदर्शन हुँदै थियो। त्यहाँ नेपालीसँगै बेलायती र अन्य देशका नागरिक पनि सहभागी थिए किनकि उनीहरू बेलायतको रक्षार्थ आफ्नो ज्यानको प्रभाव नगरेका वीर गोर्खा सैनिकको कथालाई हेर्न उत्साहित थिए। त्यो समय स्मरण गर्दा पनि आनन्द आउँछ।"

नेपाल र नेपालीको शान बढाउने अर्को नेपाली चलचित्र 'आइम्याक्स' मा आगामी समयमा कहिले होला ? यसको जवाफ भने कसैसँग छैन। किनकी आर्थिक पाटोसँगै अन्य विविध पक्ष नमिलेसम्म त्यहाँ अर्को चलचित्र प्रदर्शन गर्न कठिन छ। निर्देशक चाम्स आफैँ पूर्वगोर्खा सैनिक भएका कारण व्यावसायिक पाटोलाई ध्यान नदिई एउटा सपना पूरा गर्न अहोरात्र मिहेनत गर्नुभयो। उहाँले चलचित्र तयार गरेर त्यहाँ प्रदर्शन गर्न झण्डै एक दशकको समय लागेको बताउनुभयो।

"म आफैँ पूर्वसैनिक भएकाले हाम्रो वीरताको कथालाई विश्वभर देखाउने एउटा सपना थियो। त्यो पूरा गरेँ, त्यसक्रममा मैले गरेको सङ्घर्षलाई 'आइम्याक्स' मा प्रदर्शन भएको दिन भुलायो। एउटा इतिहास बनेको छ, हामी गोर्खालीको वीरता त्यहाँ विश्वभरका चलचित्रकर्मीले हेरेका छन्। यसले आउँदा दिनमा नेपाली चलचित्रलाई पक्कै सघाउनेछ", निर्देशक चाम्सले भन्नुभयो।

उक्त चलचित्रमा रितेश चाम्स, विजय लामा, रेविका गुरुङ, रियर राई, शिशिर बाङ्देल, कविता आले, बिरूप घले, सारा राईलगायतका कलाकारले अभिनय गर्नुभएको छ। २०८० साल फागुनमा नेपालमा समेत प्रदर्शन भएको उक्त चलचित्रमा वास्तविक झैँ लाग्ने युद्धका दृश्य देखाइएको भन्दै प्रशंसा भएको थियो।

नेपालमा पछिल्लो समयमा नेपाली चलचित्रले प्राविधिक रूपमा ठूलो फड्को मारेका छन्। नेपाली कथा र फिल्म विश्वका प्रतिष्ठित चलचित्र महोत्सवसम्म पुग्न थालेका छन्। तर 'आइम्याक्स' प्रविधि भने नेपालमा कहिले भित्रिन्छ भन्ने प्रश्नको स्पष्ट उत्तर स्वयं चलचित्र प्रदर्शकसँग पनि छैन किनकि उक्त प्रविधि जडान गरी हल सञ्चालन गर्न अत्यन्तै खर्चिलो मानिन्छ।रासस



# ठेक्का प्रणालीको उचित व्यवस्थापन नहुँदा अर्थतन्त्र र रोजगारीमा असर परेको छः मन्त्री घिसिङ




पाटन । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, सहरी विकासमन्त्री कुलमान घिसिङले विकास निर्माणसँग सम्बन्धित ठेक्का प्रणालीको उचित व्यवस्थापन नहुँदा देशको अर्थतन्त्र र रोजगारीमा असर परेको बताउनुभएको छ । नेपाल पूर्वाधार पत्रकार समाजले मंगलबार ललितपुरमा आयोजना गरेको रुग्ण ठेक्का व्यवस्थापनसम्बन्धी सरोकारवालासँगको संवादलाई सम्बोधन गर्दै मन्त्री घिसिङले सरकारी ठेक्का लिएर समयमा काम नगर्दा देश र जनतालाई नै घाटा पुगेको उल्लेख गर्नुभयो ।“ठेक्काअनुसार काम नहुँदा विकास निर्माणमा समस्या भएको छ, नेपालको कानुनले कुनै पनि काम ठेक्का विना गर्न दिँदैन, ठेक्का व्यवस्थापन नहुँदा रोजगारी, अर्थतन्त्रमा समेत असर पर्छ,” उहाँले भन्नुभयो ।

उहाँले ठेक्का सम्पन्न भएपछि समयमा भुक्तानी नगर्ने र निर्णय नगर्नेलाई पनि कारबाही गर्नुपर्नेमा जोड दिनुभयो । मन्त्री घिसिङले नेपालमा लगानी सम्मेलनभन्दा पनि ठेकेदारहरुको सम्मेलन गर्नुपर्ने अवस्था रहेको धारणा राख्नुभयो । संवादको सुरुआतमै पूर्वाधारविज्ञ एवम् पूर्वसचिव अर्जुनजङ्ग थापाले ठेक्का तोड्ने सरकारी नीति र त्यसको प्रभावका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।रासस

# भ्रष्टाचारविरुद्धको लडाइँ एक दिनको अभियान होइन निरन्तरको संघर्ष हो: संयोजक दाहाल

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले भ्रष्टाचारविरुद्धको लडाइँ एक दिनको अभियान नभई निरन्तरको सङ्घर्ष भएको उल्लेख गर्नुभएको छ ।

भ्रष्टाचारविरुद्धको २२औँ अन्तरराष्ट्रिय दिवसका अवसरमा सुशासनका पक्षधर सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा मंगलबार शुभकामना व्यक्त गर्दै उहाँले भ्रष्टाचार अन्त्यका लागि राजनीतिक नेतृत्वको इमानदार प्रतिबद्धता, संस्थागत सुदृढीकरण र जनताको सचेत सहभागिता अपरिहार्य रहेको उल्लेख गर्नुभएको छ ।



संयुक्त राष्ट्रसङ्घको भ्रष्टाचारविरुद्धको महासन्धि सन् २००३ मा पारित भएपछि हरेक वर्ष डिसेम्बर ९ मा यो दिवस मनाउने गरिन्छ । नेपालले सन् २०११ मा यो महासन्धिलाई अनुमोदन गरी सुशासन र पारदर्शिताप्रति आफ्नो प्रतिबद्धता जनाएको थियो । उहाँले भन्नुभएको छ, “म प्रधानमन्त्री भएको कार्यकालमा हामीले सुशासनलाई राज्य सञ्चालनको मूल मन्त्र बनायौँ, सुशासनकै पक्षमा दृढतापूर्वक कदम चालेकै कारण दलाल, विचौलिया र भ्रष्ट तत्वहरूको स्वार्थमा आघात पुग्यो र हाम्रो पार्टी नेतृत्वको सरकार ढाल्ने षड्यन्त्र सफल भएको विदितै छ ।”

उहाँले बिना कुनै राजनीतिक आग्रह र पूर्वाग्रह, भूटानी शरणार्थी प्रकरणलगायत ठूलाठूला भ्रष्टाचार काण्डहरूको छानबिन अघि बढाइएको पनि बताउनुभयो । “यसका साथै प्रशासनिक सुधार, सार्वजनिक खरिदमा पारदर्शिता, दण्डहीनताको अन्त्य, सम्पत्ति शुद्धीकरणमा कडाइ र नागरिकको सक्रिय निगरानीका महत्वपूर्ण कदम चालिए, हालसम्मका सबै चर्चामा रहेका काण्ड तथा २०४६ यता उच्चपदस्थ सबैको सम्पत्ति छानबिनको माग मैले संसद्को ‘रोष्टम’बाटै समेत गरेको थिएँ र आज यो दिवसका अवसरमा त्यही मागलाई फेरि सशक्त रूपमा दोहोर्‍याउँछु,” उहाँले भन्नुभएको छ ।रासस

# एउटा व्यक्ति एउटा सहकारीमा मात्रै सञ्चालक बस्न पाउने व्यवस्था कार्यान्वयन गर्न निर्देशन

काठमाण्डु । कुनै व्यक्ति एक समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुनसक्ने व्यवस्था कार्यान्वयन गर्न सहकारी विभागले निर्देशन दिएको छ ।

विभागले सोमबार देशभरका सहकारी संस्थालाई निर्देशन दिँदै यसरी हालसम्म पनि दोहोरो सञ्चालकमा बहाल रहनुभएका सञ्चालक सदस्यलाई यथाशीघ्र उक्त कानुनी प्रावधान कार्यान्वयनका लागि सम्बन्धित सबै सहकारी संस्था तथा सञ्चालक सदस्यलाई यो निर्देशन जारी गरिएको छ”,




सहकारी ऐन २०७४ को दफा ४१ को व्यवस्था कार्यान्वयन गर्न भनेको हो । यसअघि पटक-पटक निर्देशन गर्दा पनि अटेरी भएको भन्दै विभागले ऐनको व्यवस्था अविलम्ब कार्यान्वयन गर्न भनेको हो ।

“केही व्यक्तिहरु दोहोरो सञ्चालकका रुपमा कार्यरत रहेको भन्ने गुनासो प्राप्त भइरहेकाले निर्देशनका बाबजुत विभागको निर्देशनमा भनिएको छ ।

त्यस्तै, सहकारी संस्थाको नियमनको भूमिकामा रहेका सबै नियमनकारी निकायहरुले नियमित अनुगमन, निरीक्षण, नियमन तथा सुपरिवेक्षण गरी यो व्यवस्था कार्यान्वयन भए-नभएको जाँच गर्नसमेत विभागले निर्देशन दिएको छ ।रासस

# प्रदेश सरकार भ्रष्टाचार नियन्त्रण एवं सुशासन कायम गर्न प्रतिबद्धः मुख्यमन्त्री कार्की



मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश सरकारले भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्न प्रयत्नरत रहेको बताउनुभएको छ ।

‘भोलिको सदाचार निर्माणः युवाहरुसँग भ्रष्टाचारविरुद्ध ऐक्यबद्धता’ नाराका साथ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा मंगलबार विराटनगरमा आयोजित भ्रष्टाचार विरुद्धको २५औँ अन्तरराष्ट्रिय दिवस-२०२५ को उद्घाटन गर्दै उहाँले राष्ट्र निर्माण र नेपाली जनताप्रति सुशासन कायम गर्ने प्रतिबद्धताअनुसार भ्रष्टाचारविरुद्ध अभियानमा लाग्न सबैलाई आह्वान गर्नुभयो ।मुख्यमन्त्री कार्कीले मुलुकलाई सुसंस्कृत, सभ्य, आधुनिक, विकसित राष्ट्र बनाउन भ्रष्टाचार न्यूनीकरण अभियानमा प्रतिबद्धता जनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले बेरुजु एवं पेस्की फछ्र्यौट, नीतिनिर्माण, बजेट कार्यान्वयन क्षेत्र अधिकारको न्याय सम्पादनमा इमान्दारीका साथ काम गर्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो । मुख्यमन्त्री कार्कीले भ्रष्टाचार न्यूनीकरण अभियान सञ्चालन गर्नका लागि प्रदेशका सबै स्थानीय तहका प्रमुख, उपप्रमुख, कार्यकारी अधिकृत एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहभागितामा आगामी दुई महिनाभित्र कार्यक्रम सञ्चालन गरी मुलुकमा सन्देश प्रवाह गरिने बताउनुभयो ।

प्रदेशका निमित्त प्रमुख सचिव राजुप्रसाद गुरागाईंले भ्रष्टाचार अपराध भएको र यो दण्डनीय हुने धारणा राख्नुभयो ।जिल्ला समन्वय समिति मोरङका प्रमुख अजम्वर राईले भ्रष्टाचार नियन्त्रण गर्न वर्तमान कानुनमा संशोधन गर्नुपर्ने सुझाव दिनुभयो ।
मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले मन, वचन र कर्मले भ्रष्टाचार विरुद्धको अभियानमा लाग्न समाजलाई सन्देश दिनुपर्ने धारणा राख्नुभयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीका प्रमुख खगेन्द्रप्रसाद रिजालले भ्रष्टाचार मुलुकको समृद्धिको बाधक भएकाले यसको नियन्त्रण कायम गरी सुशासन कायम गर्नु हामी सबैको जिम्मेवारी रहेको धारणा राख्नुभयो ।मुख्यमन्त्री कार्यालयका सचिव एकदेव अधिकारीले ‘प्रदेश सरकारले भ्रष्टाचार विरुद्धका प्रयास एवं नियन्त्रणका प्रयास र सुधारका क्षेत्रहरु’ विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।कार्यक्रममा प्रदेश सरकार सबै मन्त्रालयका सचिव, कर्मचारी, सुरक्षा निकायका प्रदेश प्रमुखहरुको उपस्थिति रहेको थियो ।रासस

# सञ्चारमन्त्री खरेलसँग भारतीय अतिरिक्त सचिवको शिष्टाचार भेट

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसँग भारतका विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले मंगलबार शिष्टाचार भेट गर्नुभएको छ ।सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबारमा भएको भेटमा उहाँहरूबीच नेपाल र भारतबीचको सम्बन्ध, द्विपक्षीय सहकार्य, वर्तमान अवस्था तथा नेपालको वर्तमान सरकारको प्राथमिकताका सम्बन्धमा छलफल भएको थियो ।

मन्त्री खरेलले नेपालको वर्तमान परिस्थितिको बारेमा बताउनुको साथै सरकारले तोकिएको मितिमा स्वतन्त्र र निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने तथा सुशासन कायम गर्ने विषयलाई प्राथमिकतामा राखी काम गरिरहेको उल्लेख गर्नुभयो । साथै मन्त्री खरेलले उक्त भेटमा नेपाल र भारतबीचको सम्बन्ध, नेपालमा भारत सरकारका तर्फबाट सूचना प्रविधिको क्षेत्रमा प्राप्त सहयोगका लागि आभार व्यक्त गर्नुभएको मन्त्री खरेलको सचिवालयले जनाएको छ ।

अतिरिक्त सचिव महावीरले नेपालमा भारत सरकारले निरन्तर सहयोग गर्दै आइरहेको तथा भारत सरकार नेपालले तय गरेको प्राथमिकताका क्षेत्रमा सहयोग गर्न तत्पर रहेको जानकारी गराउनुभएको थियो ।

एनपिएल अवलोकन

सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेलले नेपाल प्रिमियर लिग (एनपिएल) मा खेल अवलोकन गर्नुभएको छ । मन्त्री खरेलले मंगलबार त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला, कीर्तिपुर पुगेर एनपिएलमा जारी खेल अवलोकन गर्नुभएको हो ।

एनपिएलअन्तर्गत आज पहिलो क्वालिफायर खेलमा सुदूरपश्चिम रोयल्स र विराटनगर किङ्स प्रतिस्पर्धा गरिरहेका छन् । सुदूरपश्चिम अङ्कतालिकाको शीर्ष र विराटनगर दोस्रो स्थानमा छ । सुदूरपश्चिम लिग चरणका सात खेलमध्ये छ र विराटनगरले सातमध्ये पाँच खेल जितेको थियो ।सुदूरपश्चिमले विराटनगरसँग मात्रै लिग चरणमा पराजय भोग्नुपरेको थियो । विराटनगर भने चितवन र लुम्बिनीसँग पराजित भएको हो ।मंगलबार जित्ने टोली सिधैँ फाइनलमा पुग्नेछ । पराजित टोली इलिमिनेटर खेल्ने मौका पाउनेछ ।रासस



# एमाले महाधिवेशनमा १६ राजनीतिक दललाई निमन्त्रणा

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) ११औँ राष्ट्रिय महाधिवेशनमा १६ राजनीतिक दललाई निमन्त्रणा पठाइएको छ ।

महाधिवेशनको उद्घाटन सत्रमा अतिथिका रुपमा सहभागी हुनका लागि १६ राजनीतिक दललाई निमन्त्रणा पठाइएको महाधिवेशन अतिथि सत्कार समितिका सचिव महेश बर्तौलाले जानकारी दिनुभयो ।

उहाँले संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय दल र कम्युनिष्ट पृष्ठभूमिका १६ राजनीतिक दललाई उद्घाटन सत्रमा अतिथिका रुपमा बोलाइएको बताउनुभयो । उहाँका अनुसार नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल मजदुर किसान पार्टी, नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (माले), नेपाल कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी (जसपा), नागरिक उन्मुक्ति पार्टी, तराई मधेस लोकतान्त्रिक पार्टीलगायत दललाई निम्तो दिइएको छ ।




कांग्रेसका सभापति शेरबहादुर देउवा, रास्वपाका कार्यवाहक सभापति डिपी अर्याल, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनलाई भेटेर निमन्त्रणा दिइएको अतिथि सत्कार समितिका सदस्य सुनिता बरालले जानकारी दिनुभयो ।रासस


## हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रिको ७ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सुचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ । साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवम सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्योहोरा यसै सूचनाद्वारा सुचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, ऋणी, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ । बोलपत्र खोलिने दिन ऋणी बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रिको प्रकृया अगाडि बढाउन कुनै बाधा पर्ने छैन । साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सुचित गरिन्छ ।

**तपसिल**

| ऋणी/ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालयः पिडारी चोक शाखा, जनकपुर धनुषा** | |
| १. घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुरधाममा उद्योग दर्ता नं. १२१४७/२०/०७७/०७८ कायम भई मिति २०७७/०४/०७ मा दर्ता भएको **सरोज कृषि पशुपंक्षी तथा मत्स्य फार्म (ऋणी)** <br> **प्रोप्राइटरः राज कुमारी देवी** <br> **व्यक्तिगत जमानी दिनेः सरोज कुमार मंडल, सखीया धानुक, दुखी मण्डल धानुक र राम सेवक मण्डल** | **ऋणी राज कुमारी देवीको** नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला भंगाहा गा.वि.स. वडा नं. ६छ (हाल परिवर्तित भंगहा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४९७ को क्षेत्रफल ०–१–७–० र कित्ता नं. ४९८ को क्षेत्रफल ०–१–७–० (विघा) जग्गा समेत । |
| २. दुखी मण्डल धानुकको बुहारी बलि मण्डलको छोरी रामसेवक मण्डलको पत्नी धनुषा जिल्ला शान्तीपुर गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित भंगहा न.पा. वडा नं. ३) बस्ने **राजकुमारी देवी (ऋणी)** <br> **व्यक्तिगत जमानी दिनेः सरोज कुमार मंडल, राम सेवक मण्डल, दुखी मण्डल धानुक र सखीया धानुक** <br> **यसअघि प्रकाशित सूचनाः** <br> मिति २०८१/०९/१७ को कारोवार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । <br> मिति २०८२।०७।१२ को कारोबार राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम विक्रीको सूचना । | |
| ३. रामवृक्ष महतोको नाति तपेश्वर महतो नुनियाको छोरा महोत्तरी जिल्ला पिपरा गा.पा. वडा नं. १ बस्ने **जितेन्द्र महतो (ऋणी)** <br> **व्यक्तिगत जमानी दिनेः तपेश्वर महतो नुनिया, उर्मिला देवी नुनिया, पुन्यदेव महतो, नागेन्द्र महतो, मंजु कुमारी महतो, उषा कुमारी महतो र फुलो देवी** <br> **यसअघि प्रकाशित सूचनाः** <br> मिति २०८१।०१।२६ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । <br> मिति २०८२।०५।०२ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम विक्रीको सूचना । | रामवृक्ष महतो नुनियाको बुहारी राम देव महतो नुनियाको छोरी तपेश्वर महतो नुनियाको पत्नी महोत्तरी जिल्ला एकरहिया गा.वि.स. वडा नं. ३ (हाल पिपरा गा.पा. वडा नं. १) बस्ने **उर्मिला देवी नुनियाको** नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला एकरहिया गा.वि.स. वडा नं. ३ (हाल पिपरा गा.पा. वडा नं. १) स्थित सिट नं. ८७३ को कित्ता नं. २४१४ को क्षेत्रफल ०–१–४.५–० (बिघा) जग्गा समेत । |
| ४. प्रमेश्वर मंडल धानुकको बुहारी जसविर मण्डलको छोरी शिव नारायण मंडलको पत्नी धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ३ बस्ने **जमुना देवी मण्डल (ऋणी)** <br> **व्यक्तिगत जमानी दिनेः रासो देवी धनुकाईन, प्रमेश्वर मंडल धानुक र शिव नारायण मंडल** <br> **यसअघि प्रकाशित सूचनाः** <br> मिति २०८१।०९।०५ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । <br> मिति २०८२।०२।०४ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम विक्रीको सूचना । | **ऋणी जमुना देवी मण्डलको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला सखुवा गा.वि.स. वडा नं. ९ख (हाल परिवर्तित धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ३) स्थित कित्ता नं ३०२ को क्षेत्रफल ०–२–०–० (विघा) जग्गा समेत । |
| ५. सरुप यादवको नाति जनक यादवको छोरा धनुषा जिल्ला उमाप्रेमपुर गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित धनुषाधाम न.पा. वडा नं. ६ ) बस्ने **सर्व नारायण यादव (ऋणी)** <br> **व्यक्तिगत जमानी दिनेः राकेश कुमार यादव, रूपेश कुमार यादव, श्रीवती देवी यादव** <br> **यस अघि प्रकाशित सूचनाः** <br> मिति २०८१।०५।२७ को कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । <br> मिति २०८२।०२।०४ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम विक्रीको सूचना । | **ऋणी सर्व नारायण यादवको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला उमाप्रेमपुर गा.वि.स. वडा नं. २ग (हाल परिवर्तित धनुषाधाम न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४१३ को क्षेत्रफल ०–४–१५–० र कित्ता नं. ४१० को क्षेत्रफल ०–५–१४–० (विघा) जग्गा समेत । |
| ६. घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम धनुषामा उद्योग दर्ता नं. १४६५८/१४६/०७८/०७९ कायम भई मिति २०७८/०४/२० मा दर्ता भएको **राम स्वार्थ पशुपालन तथा डेरी उद्योग (ऋणी)** <br> **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः राम स्वार्थ यादव** <br> **व्यक्तिगत जमानी दिनेः संजीत देवी** <br> **यसअघि प्रकाशित सूचनाः** <br> मिति २०८०।०१।२६ को आर्थिक अभियान दैनिकमा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना । <br> मिति २०८१।११।११ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम विक्रीको सूचना । | बच्चा यादवको नाति छविलाल यादवको छोरा धनुषा जिल्ला कचुरी ठेरा गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित मिथिला बिहारी न.पा. वडा नं. ८) बस्ने **राम स्वार्थ यादवको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला कचुरी ठेरा गा.वि.स. वडा नं. ५ख (हाल परिवर्तित मिथिला बिहारी न.पा. वडा नं. ८) सिट नं. ११९९ स्थित कित्ता नं. ५६० को क्षेत्रफल ०–०–१५–० (विघा) जग्गा समेत । |

**बोलपत्रका शर्तहरू :**

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र पेश गर्ने स्थान | बोलपत्र खोलिने स्थान |
|---|---|---|---|
| २०८२/०९/०१ कार्यालय समय सम्म | २०८२/०९/०४ बिहान ११:०० बजे | यस बैंकको कुनै पनि शाखा, कार्यालय | सम्बन्धित शाखा, कार्यालय |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५९० काठमाडौं


# निर्वाचनका लागि सहयोग गर्ने भारतको प्रतिबद्धता



काठमाण्डु । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न छिमेकी भारतले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।गृहमन्त्री ओमप्रकाश अर्यालसँग भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले आज गर्नुभएको शिष्टाचार भेटमा उहाँले निर्वाचनका लागि आवश्यक स्रोतसाधन र सुरक्षा बन्दोबस्तीका सामग्री सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

भारतीय विदेश मन्त्रालयको उत्तर मामिला हेर्ने अतिरिक्त सचिव मुनु नेपाल भ्रमणको सिलसिलामा आइतबार काठमाडौँ आउनुभएको हो ।भेटमा भारतीय अतिरिक्त सचिवले जाजरकोट भूकम्पपछिको पुनर्निर्माण तथा विपद्बाट क्षति भएका संरचनाको पुनर्स्थापना र व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको गृहमन्त्रीको स्वकीय सचिवालयले जनाएको छ । अतिरिक्त सचिव महावरले गृहमन्त्री अर्याललाई उपयुक्त समयमा भारत भ्रमणको निमन्त्रणासमेत दिनुभयो ।

सो क्रममा गृहमन्त्री अर्यालले कञ्चनपुरको दोधारा-चाँदनीमा निर्माणाधीन सुक्खा बन्दरगाहको कामलाई तीव्रता दिन आग्रह गर्नुभयो ।सीमा अपराध रोकथाम, चोरी तस्करी, अवैधवस्तुको ओसारपसार र आपराधिक गतिविधि नियन्त्रण गर्न दुवैतर्फका सीमा सुरक्षा सङ्गठनको क्षमता अभिवृद्धि र सूचना आदानप्रदान प्रभावकारी बनाउनुपर्नेमा गृहमन्त्रीले जोड दिनुभयो ।रासस

# सुदूरपश्चिम पुग्यो लगातार दोस्रो पटक फाइनलमा

टुडे समाचारदाता



काठमाण्डु । विराटनगर किंग्समाथि ७७ रनरको सानदार जित निकाल्दै सुदूरपश्चिम रोयल्स सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) को फाइनलमा पुगेको छ। सुदूरपश्चिम लगातार दोस्रो सिजन फाइनलमा पुगेको हो। अघिल्लो सिजनको फाइनलमा भने सुदूरपश्चिमले जनकपुर बोल्ट्ससँग हारेको थियो। अब उपाधिका लागि सुदूरपश्चिमले शनिबार हुने फाइनलमा दोस्रो क्वालिफायरको विजेतासँग प्रतिस्पर्धा गर्नेछ।

मंगलबार कीर्तिपुरस्थित त्रिवि मैदानमा भएको पहिलो क्वालिफायरमा सुदूरपश्चिमले विराटनगरको ब्याटिङ लाइनअप कोल्याप्स पारेको थियो। १५६ रनको लक्ष्य पछ्याएको विराटनगरलाई सुदूरपश्चिमले १४.१ ओभरमा ७८ रनमा अलआउट गर्दै सानदार जित निकाल्यो। लक्ष्य पछ्याउने क्रममा विराटनगरले सुरूवात अन्त्यन्त खराब रह्यो। विराटनगरले पहिलो सात बलको अन्तरमा तीन विकेट गुमाउँदा संकटमा परेको थियो। पहिलो ओभरमा साम हिजलेट र मार्टिन गप्टिल आउट भए भने दोस्रो ओभरको पहिलो बलमा नरेन भट्ट पेभिलियन फर्किए।

इनिङको पहिलो बलमा सुदूरपश्चिमका स्कट कुगेइलिनले हिजलेटलाई दीपेन्द्रसिंह ऐरीबाट क्याच गराए। अन्तिम बलमा गप्टिल रनआउट हुनु पुगे। क्रिजमा रहेका फाप डु प्लेसिसले कल बिनै रनका लागि कुदेका गप्टिललाई इशान पाण्डे र कुगेइलिन मिलेर रनआउट गर्दा विराटनर/ले पहिलो ओभरमा ३ रन जोड्दा २ विकेट गुमायो।

दोस्रो ओभरको पहिलो बलमा नरेन भट्टलाई हर्मित सिंहले कुगेइलिनबाट क्याच गराए। जसका कारण विराटनगरले पहिलो सात बलमै ३ विकेट गुमाउँदा ३ रन जोडेको थियो।

त्यसपछि बसिर अहमद चौथो विकेटको रूपमा १२ रन जोडेर आउट भए। उनलाई दीपेन्द्रसिंह ऐरीले सातौं ओभरमा कट एन्ड बउल्ड गरेका थिए। दुई ओभरपछि लोकेश बम पनि ५ रनमा आउट भएका थिए। त्यतिबेला विराटनगरले ८.२ ओभरमा ५ विकेट गुमाउँदा ५० रन मात्र जोडेको थियो। अर्को ओभरमा नारायण जोशीलाई हर्मित सिंहले १ रनको स्थितिमा बोल्ड गरेर सुदूरपश्चिमलाई जिततर्फ अघि बढाए।११औं औभरको पाँचौ र छैटौं बलमा विराटनगरले लगातार विकेट गुमायो। पाँचौ बलमा फाप डु प्लेसिसलाई कुगेइलिनले ३६ रनमा क्याच गराए। सेलडन ज्याक्सनबाट क्याच हुनुअघि डु प्लेसिसले २९ बलमा ३ चौका र १ छक्का प्रहार गर्न सके। अर्को बलमा प्रतिश जिसी ३ रनमा रनआउट भए।

नवौं विकेटको रुपमा मर्स्याङ डि लाङ १५ रनमा क्याच भए। उनलाई १४औं ओभरमा कुगेइलिनले हर्मित सिंहबाट क्याच गराए। त्यसपछि सन्दीप लामिछाने ३ रनमा अन्तिम विकेटको रुपमा आउट भए।बलिङमा सुदूरपश्चिमका अभिनास बोहरा, कुगेइलिन र हर्मित सिंहले २-२ विकेट लिए। त्यसअघि टस जितेको विराटनगरले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले ७ विकेटको क्षतिमा १५५ रन बनायो। विराटनगरका लागि ओपनर विनोद भण्डारीले अर्धशतक प्रहार गरे। १९ औं ओभरको अन्तिम बलमा विराटनगरका प्रतिश जिसीको बलमा साम हिजलेटबाट क्याच हुनुअघि भण्डारीले ५२ बलमा ३ चौका र २ छक्काको मद्दतमा ६३ रन बनाए।

अर्का ओपनर मख्तर अहमदले १० रन बनाउन सके। १० बलमा २ चौका प्रहार गरेका उनलाई विराटनगरका मस्याङ डि लाङले तेस्रो ओभरको पाँचौ बलमा बोल्ड गरेका थिए। त्यसपछि विनोद भण्डारीसँग ४० रनको साझेदारी गरेका भारतीय ब्याटर शेल्डन ज्याकस २० रन बनाएर आउट भए। उनले ११ बलमा २ चौका र १ छक्का प्रहार गरे। उनलाई आठौं ओभरमा सूर्य तामाङले लोकेश बमबाट स्टमपिन गराए। त्यसपछि इशान पाण्डे १३ रन बनाएर आउट हुन पुगे। पाण्डेलाई साम हिजलेटले बाउन्ड्री लाइनमा नरेन भट्टबाट क्याच गराए। भट्टले बाउन्ड्रीमा असन्तुलन गुमाएपछि बल हावामा फ्याँकेर फेरि बाउन्ड्री भित्र पसेर उत्कृष्ट क्याच लिएका थिए।

त्यसपछि कप्तान दीपेन्द्रसिंह ऐरी १४औं ओभरमा दुई रन लिने क्रममा रनआउट भए। ३ रन बनाएका उनलाई डि लाङले विकेटकिपर लोकेश बमबाट रनआउट गराए। त्यसपछि हर्मित सिंह ११ बलमा २ चौकाको मद्दतमा १४ रन बनाएर आउट भए। प्रतिश जिसीको बलमा हर्मितको क्याच हिजलेटले लिए। अन्तिम ओभरमा बाउन्ड्रीमा डि लाङको बलमा समातिनुअघि आरिफ शेखले १३ बलमा २० रन बनाए। आरिफले २ चौका र १ छक्का प्रहार गरे।

बलिङमा विराटनगरका मर्स्याङ डि लाङ र प्रतिश जिसीले २-२ विकेट लिए। डि लाङले ४ ओभरमा २३ रन दिँदा प्रतिशले ३ ओभरमा ३१ रन खर्चिए। साम हिजलेट र सूर्य तामाङको नाममा १-१ विकेट रह्यो। सोमबारको खेलमा पराजित भएको विराटनगरले अब बिहिबार हुने दोस्रो क्वालिफायरमा खेल्नेछ । अब बुधबार काठमान्डु र लुम्बिनीबीच इलिमिनेटरको खेल हुनेछ। जित हात पार्ने टोली दोस्रो क्वालिफायरमा पुग्नेछ भने हार्ने टोली बाहिरिनेछ । बिहीबार दोस्रो क्वालिफायरको विजेता पनि शनिबार हुने फाइनलमा पुग्नेछ ।

# एसिया कप खेल्ने नेपाली टोली घोषणा



काठमाण्डु । संयुक्त अरब इमिरेट्स (यूएई) मा यही डिसेम्बर १२ देखि हुने एसिसी पुरुष यू-१९ एसिया कप खेल्ने नेपाली टोली घोषणा गरिएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान) ले मंगलबार अशोक धामीको कप्तानीमा १५ सदस्यीय टोली घोषणाा गरेको हो । टोलीको सदस्यमा नीरजकुमार यादव, दिलशाद अलि, अभिषेक तिवारी, सिब्रिन श्रेष्ठ, साहिल पटेल, दयानन्द मण्डल, निश्चल छेत्री, आसिस लोहार, नितेस पटेल, चन्दन रामरोशन विक, विपिन शर्मा, वंश छेत्री र युवराज खत्री रहेका छन् ।

नेपालको पहिलो खेल श्रीलङ्कासँग डिसेम्बर १३ तारिखमा राखिएको छ । यस्तै, दोस्रो खेल डिसेम्बर १५ मा बङ्गलादेश र तेस्रो डिसेम्बर १७ मा अफगानिस्तानसँग रहेको छ। यी खेल त्यहाँको सेभेन्स स्टेडियममा हुनेछन् ।

प्रतियोगितामा आठ टोली सहभागी हुनेछन् । समूह ‘ ए’ मा भारत, पाकिस्तान, युएई र मलेसिया रहेका छन् । समूह ‘ बी’ मा बङ्गलादेश, श्रीलङ्का, अफगानिस्तान र नेपाल रहेका छन् । प्रतियोगिताका खेल आइसिसी एकेडेमी र द सेभेन्स स्टेडियममा हुनेछन् । दुवै समूहबाट शीर्ष दुईमा रहने टोली डिसेम्बर १९ तारिखमा सेमिफाइनल खेल्नेछन् । उपाधि भिडन्त डिसेम्बर २१ तारिखमा हुनेछ ।रासस

# खेलकुद सप्ताह सुरु, दुई खेलाडीलाई नगदसहित सम्मान



भक्तपुर । जनप्रेमी वर्ल्ड स्कुल भक्तपुरले आजदेखि सुरु गरेको जेडब्लुएस खेलकुद सप्ताहमा विभिन्न २० वटा खेलमा एक हजार ८०० विद्यार्थी प्रतिस्पर्धामा उत्रिएका छन् ।

मध्यपुर युथ एसोसिएसन खेल मैदान सानोठिमीमा मंगलबारदेखि सुरु भएको प्रतियोगिताको मध्यपुरथिमि नगरपालिका प्रमुख सुरेन्द्र श्रेष्ठले उद्धाटन गर्नुभयो ।

उहाँले मध्यपुरथिमि नगरपालिकामा राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी उत्पादन भइरहेको बताउँदै नगरपालिकाले शिक्षा र खेलकुदलाई सँगसँगै विकासका रुपमा अगाडि बढाइरहेको बताउनुभयो ।

खेलकुदको विकासका लागि नगरपालिकाले वार्षिक बजेट विनियोजन गर्दै वडावडामा प्रशिक्षण सञ्चालन गरिरहेको र विद्यालयस्तरीय खेलकुदलाई उच्च प्राथमिकतामा राखेको बताउनुभयो ।

कार्यक्रममा जनप्रेमी वर्ल्ड स्कुलका प्रिन्सिपल निलेश आचार्यले विद्यालयले हरेक वर्ष खेलकुद सप्ताह मनाउने घोषणा गर्दै विद्यालयस्तरबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी उत्पादन गर्ने गरी खेलकुदको प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्दै आएको बताउनुभयो । उहाँले प्रतियोगितामा विजेता हुने टोलीलाई सिल्ड र उत्कृष्ट खेलाडीहरुलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिने जानकारी दिनुभयो ।

**दुई खेलाडीलाई सम्मान**

नेपालको प्रतिनिधित्व गर्दै हालै इजिप्टमा सम्पन्न विश्व च्याम्पियन कराते प्रतियोगितामा सहभागी दुई खेलाडी एरिका गुरुङ र सानुमाया थिङलाई नगद रु पाँच हजारका दरले पुरस्कार एवं सम्मानपत्र प्रदान गरिएको छ । विद्यालयका अध्यक्ष मनोज आचार्यले नगद एवं नगर प्रमुख श्रेष्ठ र विद्यालयका प्रिन्सिपल आचार्यले सम्मानपत्र प्रदान गर्नुभयो ।कार्यक्रममा प्रिन्सिपल आचार्यले खेलाडीद्वय गुरुङ र थिङलाई आगामी वर्ष हुने अन्तरराष्ट्रिय प्रतियोगितामा पदक हासिल गरेमा नगद रु ५० हजारका दरले पुरस्कार प्रदान गर्ने घोषणा गर्नुभयो ।रासस

# इजरायली आक्रमणमा यस वर्ष ६७ पत्रकारको मृत्यु

एएफपी

पेरिस । यस वर्ष विश्वभर मारिएका सबै पत्रकारमध्ये लगभग आधाको मृत्युका लागि इजरायल जिम्मेवार रहेको रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ)ले मङ्गलबार जानकारी गराएको छ । इजरायलको सेनाको आक्रमणमा परी गाजामा २ ९ प्यालेस्टिनी पत्रकारहरूको मृत्यु भएको आरएसएफले जनाएको छ ।

पेरिसस्थित मिडिया फ्रिडम ग्रुपले आफ्नो वार्षिक प्रतिवेदनमा सन् २०२४ मा ६६ पत्रकारको हत्या गरिएकोमा यस वर्ष विश्वभर मारिने पत्रकारको संख्या ६७ पुगेको जनाएको छ ।इजरायली सेनामने आक्रमणमा मृत्यु हुने पत्रकारको सङ्ख्या यो बर्ष आक्रमणमा मारिने पत्रकारको कुल सङ्ख्याको ४३ प्रतिशत हिस्सा रहेको ओगटेको आरएसएफले आफ्नो रिपोर्टमा उल्लेख गरेको छ। पत्रकारमाथिको आक्रमणले इजरायललाई ‘ पत्रकारहरूको सबैभन्दा ठूलो शत्रु’ बनाएको छ, आरएसएफले आफ्नो रिपोर्टमा भनेको छ । आरएसएफले सन् २०२४ डिसेम्बरदेखि १२ महिनामा भएका मृत्युको दस्तावेजीकरण गरेको छ ।

सबैभन्दा घातक एकल आक्रमण तथाकथित ‘डबल-ट्र्याप’ आक्रमण थियो । ‘डबल-ट्र्याप’ आक्रमणमा दोहोरो बम विस्फोट गरिन्छ र यो अगस्ट २५ मा दक्षिण गाजाको एक अस्पतालमा भएको थियो । ‘डबल-ट्र्याप’ आक्रमणमा अन्तर्राष्ट्रिय समाचार निकाय रोयटर्स र एसोसिएटेड प्रेस (एपी) का दुई योगदानकर्तासहित पाँच पत्रकारको मृत्यु भएको थियो।समग्रमा अक्टोबर २०२३ मा गाजा युद्ध सुरु भएदेखि इजरायलमा हमासको आक्रमणपछि, लगभग २२० पत्रकारहरूको मृत्यु भएको छ, जसले इजरायललाई तीन वर्षसम्म विश्वव्यापी पत्रकारहरूको सबैभन्दा ठूलो हत्यारा बनाएको आरएसएफको तथ्याङ्कले देखाउँछ।

इजरायली सेनाले हमासका लडाकु र नेताहरूलाई लक्षित गरी आक्रमण र गोलाबारी गरेको बताएको छ। मिडिया समूह र प्रेस स्वतन्त्रता संगठनहरूले पहुँचका लागि आह्वान गरे पनि विदेशी पत्रकारहरू अझै पनि गाजा प्रवेश गर्न असमर्थ छन् । उनीहरू इजरायली सेनाको कडा नियन्त्रणमा गाजा प्रवेश गर्नुलाई प्रेस स्वतन्त्रता मान्न सकिँदैन ।मेक्सिकोका वामपन्थी राष्ट्रपति क्लाउडिया शेनबामले पत्रकारको सुरक्षा गर्ने प्रतिबद्धता व्यक्त गरे पनि सन् २०२५ मा मेक्सिकोमा कम्तिमा तीन वर्षमा सबैभन्दा घातक वर्ष भएको र नौ जना पत्रकारको मृत्यु भएको आरएसएफको वार्षिक प्रतिवेदनले बताएको छ ।

आरएसएफका अनुसार पत्रकार हरूका लागि सबैभन्दा खतरनाक देश भनिएका युद्धग्रस्त युक्रेनमा तीन र सुडानमा चार पत्रकारको मृत्यु भएको छ ।गत वर्ष मृत्यु हुनेको कुल सङ्ख्या सन् २०१२ मा मारिएका १४२ पत्रकारको तुलनामा कम हो । सन् २०१२ मा सिरियाली गृहयुद्धका क्रममा पछिल्लो तीन दशकमा सबैभन्दा बढी पत्रकार मारिएका थिए । यो बर्षको पत्रकारको मृत्यु सन् २००३ देखि प्रति वर्ष लगभग ८० जनाको मृत्यु हुने गरेको औसत तथ्याङ्कभन्दा भने कम हो ।

# चीनले १५६ करोड डलर घुस लिएको आरोपमा पूर्व वरिष्ठ “बैङ्कर”लाई मृत्युदण्ड

एएफपी



बेइजिङ । चीनले राज्यनियन्त्रित सम्पत्ति व्यवस्थापन कम्पनीका पूर्व कार्यकारीलाई भ्रष्टाचारको आरोपमा मङ्गलबार मृत्युदण्ड दिएको चिनियाँ सरकारी सञ्चारमाध्यमहरूले जनाएका छन् ।

चिनियाँ हुआरोङ इन्टरनेसनल होल्डिङ्स (सिएचएच) की पूर्व महाप्रबन्धक बाई तियानहुईलाई सन् २०१४ देखि सन् २०१८ को बीचमा परियोजनाहरूको अधिग्रहण र वित्तपोषणमा अनुकूल व्यवहार गर्ने क्रममा १५६ मिलियन डलरभन्दा बढी रकम स्वीकार गरेको अभियोगमा दोषी ठहर गरिएको छ ।सिएचएच चाइना हुआरोङ एसेट म्यानेजमेन्टको सहायक कम्पनी हो, जसले देशको सबैभन्दा ठूलो सम्पत्ति व्यवस्थापन कोषको रूपमा खराब ऋण व्यवस्थापनका बारेमा चासो राख्छ । ह्वारोङ राष्ट्रपति सी जिनपिङको वर्षौं लामो भ्रष्टाचारको दमनको एक प्रमुख लक्ष्य भएको छ र यसका पूर्व अध्यक्ष सियाओमिनलाई सन् २०२१ जनवरीमा २५ करोड ३० लाख डलरको घुस लिएको आरोपमा मृत्युदण्ड दिइएको थियो।

अन्य धेरै हुआरोङ अधिकारीहरू पनि भ्रष्टाचार विरोधी अनुसन्धानमा फसेका छन्।चीनमा भ्रष्टाचारका लागि मृत्युदण्डको सजाय प्रायः दुई वर्षको छुटका साथ जारी गरिन्छ र त्यसपछि आजीवन कारावासमा परिवर्तन गरिन्छ।उत्तरी शहर तियानजिनको अदालतले सन् २०२४ मेमा पहिलो पटक सुनाएको बाईको सजाय निलम्बन गरिएको थिएन।उहाँले आफ्नो सजायबिरूद्ध अपील गर्नुभएको थियो तर मूल फैसलालाई फेब्रुअरीमा सदर गरिएको थियो ।

चीनको सर्वोच्च अदालत सुप्रिम पिपुल्स कोर्टले समीक्षापछि निर्णयको पुष्टि गर्दै बाईको अपराध ‘अत्यन्त गम्भीर’ भएको बताएको छ ।“बाइले असाधारण रूपमा ठूलो रकम घूस स्वीकार गरेकाले उहाँको अपराधको अवस्था असाधारण थियो । यसको सामाजिक प्रभाव विशेष थियो र राज्य र जनताको हितले असाधारण रूपमा ठूलो क्षति बेहोरेको थियो,” सीसीटीभीले एसपिसीलाई उद्धृत गर्दै लेखेको छ। मङ्गलबार बिहान तियानजिनमा नजिकका आफन्तहरूसँग भेटेपछि उहाँलाई मृत्युदण्ड दिइएको थियो तर उहाँलाई कसरी मृत्युदण्ड दिइयो भन्ने खुलाएको छैन।

चीनले मृत्युदण्डको तथ्याङ्कलाई राज्यको गोप्य रूपमा वर्गीकृत गरेको छ, यद्यपि एम्नेस्टी र अन्य अधिकारवादी समूहहरूले देशमा हरेक वर्ष हजारौं मानिसहरूलाई मृत्युदण्ड दिने गरेको विश्वास गर्छन्।बाई चीनको वित्त उद्योगमा भ्रष्टाचारविरुद्ध लामो समयदेखि चलिरहेको कारबाहीमा सजाय भोग्ने पछिल्लो उच्च पदका व्यक्ति हुनुहुन्छ।चीनको शीर्ष सेक्युरिटिज रेगुलेटरका पूर्व प्रमुख यी हुइमानलाई गत सेप्टेम्बरमा भ्रष्टाचारको आरोपमा छानबिनको दायरामा राखिएको थियो ।

गत मार्चमा सरकारी स्वामित्वको बैङ्किङ कम्पनी एभरब्राइट ग्रुपका पूर्व प्रमुख ली सियाओपेङलाई छ करोड युआनको घुस लिएको अभियोगमा १५ वर्षको जेल सजाय सुनाइएको थियो ।बैङ्क अफ चाइनाका पूर्व अध्यक्ष लिउ लियान्गेलाई सन् २०२४ नोभेम्बरमा दुई वर्षको छुटसहित मृत्युदण्डको सजाय सुनाइएको थियो।भ्रष्टाचार विरोधी अभियानले स्वच्छ शासनलाई बढावा दिएको अभियानका समर्थकहरूले बताएका छन् तर आलोचकहरूले यसले सीलाई राजनीतिक प्रतिद्वन्द्वीहरूलाई सफाया गर्ने शक्ति प्रदान गरेको मात्र देख्छन् ।

# सन् २०२५ रेकर्डमा दोस्रो सबैभन्दा तातो वर्ष बन्ने बाटोमा: अध्ययन


एएफपी

पेरिस ।सन् २०२५ मा पृथ्वी दोस्रो सबैभन्दा तातो वर्षको रूपमा रेकर्ड हुने देखिएको युरोपको वैश्विक तापमान अनुगमन निकायले मङ्गलबार जनाएको छ।

यो बर्षको तापमान सन् २०२३ सँग बराबरी हुने बाटोमा रहेको उक्त संस्थाले जनाएको हो । सन् २०२४ मा विश्वको तापक्रम पृथ्वीको तपक्रम रेकर्ड गर्न थालिएपछि पहिलो पटक उच्च विन्दुमा पुगेको थियो । ‘कोपर्निकस क्लाइमेट चेन्ज सर्भिस’ को तथ्याङ्कले विश्वव्यापी तापक्रम पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसले बढ्ने बाटोमा रहेको कुरा पुनः पुष्टि गर्दछ । यो सीमा सन् २०१५ को पेरिस सम्झौतामा सुरक्षित मानिएको थियो।

सेवाको मासिक अपडेट अनुसार, जनवरी र नोभेम्बरको बीचमा औसत तापक्रम १.४८ डिग्री सेल्सियसले बढेका र रेकर्डमा दोस्रो सबैभन्दा तातो वर्ष बनेको छ ।“सन् २०२३/२५ को तीन-वर्षे औसत तापक्रम पहिलो पटक १.५ डिग्री सेल्सियसभन्दा बढी हुने बाटोमा छ,’ कोपर्निकसकी जलवायु रणनीतिक प्रमुख सामन्था बर्गसले एक विज्ञप्ति जारी गरी जानकारी गराउनुभएको छ। “यी उपलब्धिहरू अमूर्त छैनन् तर तिनीहरूले जलवायु परिवर्तनको तीव्र गतिलाई प्रतिबिम्बित गर्छन् । भविष्यमा बढ्दो तापक्रमलाई कम गर्ने एकमात्र तरिका हरितगृह ग्यास उत्सर्जनलाई द्रुत रूपमा घटाउनु हो,” बर्गसले भनिन्।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले विश्वले आगामी केही वर्षमा ग्लोबल वार्मिङलाई १.५ डिग्री सेल्सियसभन्दा तल राख्न नसक्ने चेतावनी अक्टोबरमा दिनुभएको थियो । कोपर्निकसका अनुसार, गत महिना औद्योगिक पूर्वको स्तरभन्दा १.५४ डिग्री सेल्सियसले बढी रहेर रेकर्डमा तेस्रो सबैभन्दा तातो नोभेम्बर बनेको थियो । गत महिना औसत सतहको हावाको तापक्रम १४.०२ डिग्री सेल्सियस पुगेको थियो।




यस्तो क्रमिक वृद्धि सानो देखिन सक्छ तर यसले पहिले नै जलवायुलाई अस्थिर बनाइरहेको छ र आँधी, बाढी तथा अन्य विपद्हरूलाई अझ तीव्र र बारम्बार बनाइरहेको वैज्ञानिकहरूले चेतावनी दिएका छन् ।अनुगमनकर्ताले भनेको छ, “यो महिना दक्षिणपूर्वी एसियामा उष्णकटिबन्धीय चक्रवातसहितका धेरै चरम मौसमी घटनाहरूका लागि चिनिएको थियो। यसले व्यापक, विनाशकारी बाढी र जनधनको क्षति गराएको थियो।”

**जीवाश्म इन्धन नियन्त्रणको लडाइँ**

नोभेम्बरमा फिलिपिन्स लगातार आँधीबेहरीको चपेटामा पर्‍यो जसमा करिब २६० जनाको मृत्यु भयो भने इन्डोनेसिया, मलेसिया र थाइल्याण्डमा पनि ठूलो बाढी आएको थियो।

सेप्टेम्बरदेखि नोभेम्बरसम्म, उत्तरी गोलार्धको शरद ऋतुको लागि विश्वव्यापी औसत तापक्रम पनि सन् २०२३ र सन् २०२४ पछि रेकर्डमा तेस्रो सबैभन्दा उच्च रहेको थियो।“समग्रमा विश्वभर र खासगरी उत्तरी क्यानडा, आर्कटिक महासागरमाथि र अन्टार्कटिकाभरि तापक्रम सामान्यतया औसतभन्दा माथि देखिएको मौसम अनुगमनकारी उक्त संस्थाले जनाएको छ ।

# रङ्गशाला निर्माणको भुक्तानी सहजीकरणका लागि महानगरको टोली सिंहदरबारमा



चितवन । गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणको भुक्तानी सहजीकरणका लागि भरतपुर महानगरपालिकाको टोली काठमाडौँ पुगेको छ । महानगरपालिकाका प्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी र प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलसहितको टोली काठमाडौँ पुगेका हुन् ।

महानगरपालिका प्रमुख दाहालकाअनुसार टोलीले मंगलबार प्रधानमन्त्री, अर्थ मन्त्री एवं युवा तथा खेलकुदमन्त्री, मुख्य सचिव, मन्त्रालयका सचिवहरुलाई भेटेर रङ्गशालाको रकम भुक्तानी सहजीकरणका लागि छलफल गर्नेछ । महानगरपालिकालाई अप्ठ्यारो नपर्ने गरी जतिसक्दो चाँडो भूक्तानी गर्न आवश्यक सहजीकरणका लागि अनुरोध गर्ने उहाँले जानकारी दिनुभयो ।

धुर्मुस-सुन्तली फाउण्डेशनले भरतपुरमा निर्माण सुरु गरेर बीचमै छाडेको गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालाको भुक्तानी दिन भरतपुर महानगरपालिकालाई कानुनी बाधा परेको छ । सङ्घीय सरकारले रु १५ करोड बजेट विनियोजन गरे पनि भुक्तानी प्रक्रिया नमिल्दा फाउण्डेशनले रकम पाउन सकेको छैन ।

महानगर प्रमुख दाहालले भन्नुभयो, “हामी यथासक्य छिटो भुक्तानी गर्न चाहन्छौँ । प्रक्रियामा सहजीकरण गरिदिनुपर्‍यो ।” महानगरका उपप्रमुख चित्रसेन अधिकारीले फाउण्डेशनलाई रकम भुक्तानी गर्न चाहेको तर ऐन कानुनका कारण असहज भएको बताउनुभयो ।

भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले सङ्घीय सरकारले सिर्जित सम्पत्ति खरिद गर्न भनेर महानगरलाई रु १५ करोड बजेट व्यवस्था गरेको बताउनुभयो । सिर्जित सम्पत्ति खरिद शीर्षकमा रकम छुट्याएको र यसरी छुट्याइएको रकम सार्वजनिक खरिद ऐन अनुसार मात्र खर्च गर्न मिल्ने उहाँले बताउनुभयो । उहाँले सो बजेट अनुदानका रुपमा प्राप्त नगरेकाले भुक्तानीमा नीतिगत अन्योल भएको बताउनुभयो । उहाँले भन्नुभयो, “फाउण्डेशन मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएको संस्था नभएको र सार्वजनिक खरिद ऐनअनुसार रकम भुक्तानी गर्दा भ्याट तिर्नुपर्ने भएकाले यो विषय अड्किएको हो ।”

महानगरकै आग्रहमा फाउण्डेशनले रङ्गशाला बनाएको र नसकेपछि जिम्मेवारी महानगरलाई हस्तान्तरण गरेको थियो । फाउण्डेशनले छोडेपछि विसं २०८० कात्तिक २१ मा भरतपुर महानगरपालिका र बाग्मती प्रदेश सरकारबीच मिलेर रङ्गशाला निर्माण अगाडि बढाउने सहमति भएको थियो । सो सहमतिपछि सङ्घीय सरकारले यो रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अगाडि बढाउने निर्णय गरेको थियो ।

फाउण्डेशनले हस्तान्तरण गरेको निर्माण महानगरले विसं २०८१ को असारदेखि अगाडि बढाइसकेको छ । हालसम्म ४५ प्रतिशत काम सम्पन्न भएको छ । फाउण्डेशनले रु ५७ करोड १२ लाख बराबरको काम सम्पन्न गरेको दाबी गर्दै आएको छ । जसमध्ये रु १८ करोड ४३ लाख उधारो रहेको जनाइएको छ । फाउण्डेशनले विसं २०७५ माघ १६ मा काठमाडौँमा गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण गर्ने घोषणा गरेको थियो ।

# एनसेलद्वारा नयाँ ९७१ नम्बर रेन्जको मोबाइलनम्बर वितरण सुरु




**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलले आम उपभोक्ताहरुको सुविधाका लागि सोमबार (मंसिर २२)बाट नयाँ नम्बर रेन्ज ९७१ बाट सुरु हुने मोबाइल नम्बर उपलब्ध गराउन थालेको छ ।नेपाल दूरसञ्चार प्राधिकरणले गत जेठमा एनसेललाई यो नम्बर रेन्जको नम्बरहरु वितरण गर्नका लागि अनुमति प्रदान गरेको थियो ।

यो नयाँनम्बर रेञ्ज प्राधिकरणको राष्ट्रिय नम्बरिङ् वितरण योजना (नेशनल नम्बरिङ् अ लोकेशन प्लान) को नियम अनुरुप जारी भएको हो ।प्राधिकरणद्वारा एनसेललाई जारी नम्बर रेञ्ज ९८०, ९८१, ९८२, ९७० मार्फत सेवाग्राहीहरुकालागि सेवाप्रदान गर्नका लागिमोबाइलनम्बरहरु अपुगभएकोले नयाँनम्बर रेञ्ज प्रदान गरिएको थियो ।

"बजारको अवस्थालाई ध्यानमा राखी नयाँ नम्बर रेञ्जको अनुमतिप्रदान गरेकोमा हामी प्राधिकरणप्रति आभारी छौं । आवश्यक तयारी पश्चातनयाँनम्बर रेञ्जका नम्बरहरु वितरण थालिएको छ । साधारण सञ्चार सेवाबाहेक डिजिटल कारोबार र विभिन्न सेवाहरु मोबाइलमार्फत नै लिने क्रम बढिरहेको हालको अवस्थामानयाँनम्बरहरुले उपभोक्ताका साथै सेवा प्रदायकहरुलाई समेत लाभ प्रदान गर्नेछ," एनसेलका चीफ कन्जुमर विजनेस अफिसर उपङ् दत्तले भने ।

नयाँ नम्बरहरु वितरणसँगै एनसेलले प्रत्यक्ष अथवा अप्रत्यक्ष रुपमा मोबाइल प्रणालीमा आवद्ध भई विभिन्नप्रकारका सेवा तथा सुविधा प्रदान गर्ने सरकारी तथा गैर सरकारी संस्था, सेवा प्रदायक कम्पनी, कार्यलय, बैंक तथा वित्तीय संस्थाहरुलाई यो नयाँनम्बर रेञ्ज आ-आफ्नो प्रणालीमा इन्ट्रिगेट/अपडेट गर्न बाँकी रहेको भए चाँडै गर्ने अनुरोध पनि गरेको छ । चुस्त सेवा प्रवाहका लागि सेवा प्रदायकहरुले आफ्नो प्रणालीमा नयाँ नम्बर रेञ्ज इन्ट्रिगेट/अपडेट गर्न आवश्यक छ ।

दूरसञ्चार सेवाहरू बाहेक विविध सेवा, सुविधासँग सम्बन्धित वान टाइम पासवर्ड (ओटीपी)प्राप्तगर्न, मोबाइल एप तथा वेब-आधारित सेवाहरूमा साइन अप गर्न, र विभिन्न डिजिटल कारोबार गर्न मोबाइल नम्बर अत्यावश्यक हुन्छ। सूचना प्रविधिको विकाससँगै डिजिटल भविष्यतर्फ उन्मुख भईरहेको हालको अवस्थामा, मोबाइलनम्बर विभिन्न सेवाहरू सहज र डिजिटल रूपमालिन महत्वपूर्ण माध्यम बनेको छ ।

# 'पानी बोकेरै जवानी गयो'

देवारतोली। देवारतोली गाउँको उत्तरतर्फको पुछारमा कञ्चन तिलानदी अविछिन्न बगिरहेको छ। तर करिब दुई किलोमिटर माथिको बस्तीका बारिकापाटा उजाड छन् ।

गाउँ आउन केही वर्ष अगाडि मात्र नदीमा झुलुङ्गे पुल बनेको थियो। यही पुल तरेर करिब २० मिनेट पश्चिमतर्फको समथर बाटो हिँडेपछि नाक नै ठोकिने भीर आइपुग्छ । भीरबाट तलतिर हेर्दा आङ सिरिङ हुने कहाली लाग्छ । तिलगुफा नगरपालिका-२ स्थित यस भीरबाट लडेर देवारतोलीका ४२ वर्षीय चन्द्रबहादुर विश्वकर्माले तीन वर्ष अगाडि अकालमा झण्डै ज्यान गुमाउनुपरेको थियो । चामलको बोरा बोकेर भीरमा उक्लिँदै गर्दा उनी चिप्लिएर भीरमै अड्किएका थिए। गाउँले मिलेर उनलाई उद्धार गरे ।

उहाँले त्यो दिनको त्रासदी सम्झिदै भन्नुभयो, "चालमको बोरा लिएर साँझमा घर आउँदै थिए। आधाआधि भीरमा पुगेपछि चिप्लिए छु । झण्डै तिलानदीमा पुगेको । धन्न भीरमै अड्किएछु । भोलिपल्ट गाउँलेले देखेर उद्धार गरेछन् । टाउँकामा चोट लागेछ । नेपालगञ्जमा गएर उपचार गर्दा रु सात लाख सकियो ।"

भीरको पुछारबाट माथि उक्लन करिब झण्डै ४५ मिनेट बढी लाग्छ। यो भीरबाट कति बस्तुभाउ लडेर तिलानदीमा पुगे, पानी लिनजाँदा कति गाग्रा गाग्री गुल्टे देवारतोलीवासी सम्झन चाहँदैनन् । पछिल्लो समय गाउँलेले भीरको नाम नै 'चन्द्रेभिर' राखिदिएका छन्। तिला नदी पारी अर्थात् सुक्खा पहाडी क्षेत्र तिलगुफा-१ ढाटाक्किवासी अहिले पनि यही भीर माथिका



जङ्गलमा घाँस दाउरा लिन आउँदछन् ।

भीर सकिने बित्तिकै केही समथरको जङ्गलमा सल्ला प्रजाति रहेको छ। जङ्गल सकिएपछि गाउँ आउन पुनःउकालो लाग्नुपर्छ। यही उकालोकै बीचमा सीमसार क्षेत्रमा पानीको सानो मुहान छ । पानी सङ्कलन गर्न ट्याङ्की बनाइएको छ। महिलालाई गाउँका पुछारमा रहेको ट्याङ्कीबाट पानी भर्न घण्टौँ लाग्दथ्यो । यत्तिकै सयम पानी लिएर घर आउँदा व्यतित हुन्थ्यो । यहाँका स्थानीयवासी हिउँदका समयमा मूल सुक्दा तिला नदीमा नै जान्थे । देवारतोलीकी ६८ वर्षीया सानी विकले कष्टकर ती दिन सम्झिदै भन्नुभयो, "पानी बोकेरै जवानी बित्यो। भीरबाट कति गाग्रा लडे भनिसक्नु छैन। थकान मार्ने र काखे बच्चालाई हेर्ने समय पानी खेप्दैमा सकिन्थ्यो । तिर्खा मेटाउने गरेर पानी पिउन सक्ने अवस्था थिएन। बस्तुभाउलाई त पानी खुवाउन तिलानदीमै लैजानुपर्दथ्यो । सागसब्जी लगाउन त परै जाओस् ।" पछिल्ला केही दिनयता देवारतोली गाउँका महिलाको दैनिकी परिर्वतन भएको छ । हिजोजस्तो उनीहरु साँझ बिहान नत गाग्री बोकेर हिँड्छन् नत पानी भएन भनेर चिन्तित हुन्छन् । बालबालिका समयमै विद्यालय जान पाएका छन्। आगनका डिलमुनिका बारिमा खेर गएका पानीबाट सागसब्जी लगाउन थालिएको छन् ।

घरका आँगनआँगनमा जडान गरिएका धाराबाट पानी खस्न थालेका छन् । दलित समुदायको करिब ४५ घरमा करिब ३०० जनसङ्ख्या रहेको यो गाउँमा वर्षौपछि खुसीका दिन आएको हो । उहाँले भन्नुभयो ,"आँगनमा धाराबाट पानी झरेको दिन खुसीले रातभर निद्रा लागेन । धारा नै हेरिरहुँ जस्तो भइराखेको छ। बल्ल पानीको चिन्ता हट्यो। अब त सागसब्जी खान पाइने भयो । बस्तुभाउलाई खुवाउन समस्या नहोला । आलु लगाउन पाइएला ।" उब्जिनीले वर्ष दिन खान नपुगेपछि यहाँका पुरुष कामको खोजीमा अन्यत्र जाने गर्दछन् ।

नेपाल रेडक्रस सोसाइटी कालिकोट शाखाले तिलागुफा नगरपालिकासँगको सहकार्यमा यहाँ सञ्चालित 'एकीकृत पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम' ले यहाँका गाउँमा 'एक घर एक धारा' निर्माणमा सहयोग गरेको हो । लक्जम्बर्ग रेडक्रसको आर्थिक एवं प्राविधिक सहयोगमा यहाँ सो कार्यक्रम सञ्जालित छ। देवारतोली खानेपानी योजना समितिका अध्यक्ष हरिचन्द्र विक गाउँका अब खानेपानीको सङ्कट अन्त्य भएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "गाउँभन्दा करिब चार किलोमिटर माथिको जङ्गलको मुहानबाट पानी ल्याएर ट्याङ्कीमा सङ्कलन गरेका छौं ।रासस

# सातौँ लुम्बिनी महोत्सव सम्पन्न, १२ करोडको कारोबार

देवदह । चेम्बर अफ कमर्स तथा उद्योग व्यापार सङ्गठन, रुपन्देहीको आयोजनामा भैरहवामा सञ्चालित सातौँ लुम्बिनी महोत्सव सम्पन्न भएको छ। उद्योग, व्यापार, कृषि तथा पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले महोत्सव आयोजना गरिएको हो ।'स्थानीय बजारमा खरिद गरौँ, स्थानीय बजारको प्रवर्द्धन गरौँ, स्वदेशी वस्तुको प्रयोग गरौँ, स्वाभिमानी नेपालीको पहिचान बनाऔँ' भन्ने मूल नाराका साथ यही मङ्सिर ३ देखि सिद्धार्थनगर नगरपालिका-८ स्थित अञ्चलपुरमा सञ्चालित महोत्सव मङ्सिर २१ गते समापन भएको हो ।

महोत्सवमा करिब रु १२ करोड बराबरको कारोबार भएको जिल्लास्थित चेम्बर अफ कमर्सका अध्यक्ष एवं महोत्सव मूल आयोजक समितिका संयोजक सचिन रोक्काले जानकारी दिनुभयो। उहाँका अनुसार महोत्सव एक लाख २० हजार दर्शकले




अवलोकन गरेका छन् ।संयोजक सचिन रोक्काले आगामी दिनमा यस्ता महोत्सव सरकारले स्वामित्व लिएर आयोजना गर्नुपर्नेमा जोड दिँदै त्यसमा निजी क्षेत्र सहभागी हुने बताउनुभयो ।"महोत्सव सञ्चालनका लागि ठूलो रकम अस्थायी संरचना निर्माणमा खर्चिनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो, "स्थायी संरचना निर्माणमा सरकारले ध्यान दिनुपर्छ ।" अध्यक्ष रोक्काले भारतीय पर्यटकको सङ्ख्या बढाउन र धेरै खर्च गर्ने वातावरण बनाउन कम्तीमा १० लाख भारु रुपैयाँ लिएर नेपालमा आउन दिनुपर्ने माग गर्नुभयो ।

संस्थाका वरिष्ठ उपाध्यक्ष राममिलन यादवले महोत्सव सफल बनाउन साथ र सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्नुभयो । उहाँले चेम्बर अफ कमर्स निजी क्षेत्रको क्रियाशील र सशक्त संस्था भएको बताउनुभयो ।महोत्सवको एक समारोहकाबीच समापन गरिएको छ । समारोहमा लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले मण्डप बनाउनु ठूलो कुरा नभए पनि मण्डप निर्माणपछि महोत्सवबाहेक अन्यबेला स्थान कत्तिको प्रयोग हुन्छ भन्नेतर्फ पनि ध्यान दिनुपर्ने बताउनुभयो । "मण्डप बनाएपछि वर्षमा एकपटक महोत्सव सञ्चालन गरेर मात्रै पुग्दैन, अन्य कार्यक्रम पनि गरिरहनुपर्छ", उहाँले भन्नुभयो ।

मन्त्री कार्कीले भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानका लागि प्रदेशस्तरबाट पहल भइरहेको बताउनुभयो । नेपालमा सयभन्दा ठूला दरका भारु नोट चलाउन भारतीय केन्द्रीय बैंक स्वीकृति दिनु खुसीको विषय भएको उहाँको भनाइ छ ।लुम्बिनी प्रदेशका वन तथा वातावरणमन्त्री देवकरण प्रसाद कलवारले मण्डपको समस्या समाधानका लागि अघि बढ्न अर्थमन्त्री धनेन्द्र कार्कीलाई आग्रह गर्नुभयो । उहाँले मन्त्री कार्कीलाई भन्नुभयो, "यो समस्या समाधान गर्न म आग्रह गर्दछु, हामीले के गर्नुपर्छ, यहाँलाई साथ दिन्छौँ ।"

युवा तथा खेलकुदमन्त्री सन्तोषकुमार पाण्डेयले अहिलेको पिँढीले मुलुकमा परिवर्तन ल्याउने विश्वासका साथ अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले पर्यटन र खेलकुदमार्फत मुलुकलाई आर्थिक समृद्धितर्फ लैजान सकिने धारणा राख्नुभयो । मन्त्री पाण्डेयले महोत्सवले आन्तरिक पर्यटन प्रवर्द्धनमा पनि टेवा पुऱ्याएको बताउनुभयो ।नेपाल चेम्बर अफ कमर्स, लुम्बिनी प्रदेशका अध्यक्ष टङ्कप्रसाद पोखरेलले हरेक हिसाबले सातौँ लुम्बिनी महोत्सव सफल भएको बताउनुभयो । उहाँले निजी क्षेत्रको मनोबल उठाउनुपर्नेमा जोड दिनुभयो ।

चेम्बर अफ कमर्स, रुपन्देहीका पूर्वअध्यक्ष नारायणप्रसाद भण्डारीले भैरहवामा स्थायी मण्डपको अत्यन्तै आवश्यकता रहेको बताउनुभयो । उहाँले यसमा प्रदेश सरकारले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।संस्थाका निवर्तमान अध्यक्ष दर्पण श्रेष्ठले महोत्सवमा दर्शकको निःशुल्क प्रवेशका लागि स्थायी मण्डपको व्यवस्था हुनुपर्ने बताउनुभयो । पूर्वअध्यक्ष अनिलकुमार ज्ञवालीले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल नियमित रुपमा सञ्चालनका लागि समग्र लुम्बिनी प्रदेशले नेतृत्व गर्नुपर्ने बताउनुभयो ।

यसपटकको महोत्सवको मुख्य आकर्षण नेपालमै पहिलोपटक भियतनामबाट ल्याइएको जलपरी र फिस टनेल थिए । रासस



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. ढल्केवर शाखाको २१ दिने सुचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नामः-श्री कृषि विकास बैंक लि. शाखा कार्यालय ढल्केवर, धनुषा**

| क्र. सं | ग्राहकको नाम (फर्म र प्रोपराईटको नाम/कम्पनी तथा संचालकको नाम) | फाइल न. | आई.डी न. | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | कर्जाको उद्देश्य | साँवा रकम रु | मिति २०८२/०८/२१ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अमर महतो | ५३३४२९३ | १०९४० | राम बहादुर महतो | महेश्वर महतो | मिथिला नगरपालिका ३, हरिहरपुर | सरल कृषि कर्जा | ११००००० | २४५६०.०६ | २४५६०.०६ |
| २ | अम्बीका फर्निचर सोरुम / प्रो. श्रीरामा महतो | १५६३०९४ | ६४६१ | गंगई महतो | डोरीत महतो | मिथिला नगरपालिका २ | व्यापार कर्जा | २९००००० | १४०६३७.२९ | ३०४०६३७.२९ |
| ३ | अनिता देवी यादव | ५५२००७५ | ११३५४ | किशोरी यादव | नारायण यादव | उमाप्रेमपुर ०१ | सरल कृषि कर्जा | १०००००० | २२८८४.०३ | २२८८४.०३ |
| ४ | अरुण कुमार ठाकुर | ५१६२६८५ | ७७७१ | राम नारायण ठाकुर | हिया लाल ठाकुर | मिथिला नगरपालिका ९ | घरायसी कर्जा | ३०००००० | १०७४०४.८३ | ३१०७४०४.८३ |
| ५ | भरतपुर कन्सट्रक्शन प्रा. लि. / प्रो. मनोज कुमार शाह | १०८३८२० | १०४५० | जिवछ साह | बेचन साह तेली | भरतपुर १ | व्यापार कर्जा | २९७०००० | ८६३६०.६८ | ३०५६३६०.६८ |
| ६ | विजय कु महतो | १०७९४१३ | १०४३४ | राम देव महतो | थिटर महतो | भुचक्रपुर ५ | सरल कृषि कर्जा | ३००००० | ५९६९.४४ | ५९६९.४४ |
| ७ | विजय कुमार महतो | १२९१९४४ | १०६२६ | मखन महतो | दुखरण महतो | बटेश्वर २ | घरायसी कर्जा | ९९०००० | ४८७५१.९४ | १०३८७५१.९४ |
| ८ | बिशुन देव यादव | ५४९३६५८ | ११२०० | राम लखन यादव | जोखन यादव | यज्ञभूमि ०८ | घरायसी कर्जा | २१९८०६०.३८ | ६८२३०.७५ | २२६६२९१.१३ |
| ९ | चादनी कस्मेटिक सेन्टर /प्रो. श्याम सुन्दर महतो | ६८२६२७ | ८७५७ | नन्द लाल महतो | राम गुलाम महतो | मिथिला नगरपालिका ५ | व्यापार कर्जा | ३५००००० | २०६७६३.७८ | ३७०६७६३.७८ |
| १० | ड्याम कन्सट्रक्शन तथा सप्लायर्स प्रा.लि./ सं आन्नद कुमार महतो | ५५००२४२ | ११२५२ | भरत लाल महतो | शुभत लाल महतो | भंगाह ५ | व्यक्तिगत ओ.डी. | २४९८८४४.२३ | ८६०८४.८५ | २५८४९२९.०८ |
| ११ | एके बहादुर बस्नेत | १५२८१८२ | १०६८४ | लाल बहादुर बस्नेत | गगन सिंह बस्नेत | मिथिला नगरपालिका ९ | सरल कृषि कर्जा | १६००००० | ६२४८८.१५ | ६२४८८.१५ |
| १२ | गणेश कुमार यादव | ५५२७७२५ | ११३८३ | सुख देव यादव | बिज लाल यादव | मिथिला नगरपालिका ७ | सरल कृषि कर्जा | २०००००० | ४७०३९.५३ | ४७०३९.५३ |
| १३ | इन्द्र ट्रेडर्स/प्रो. शत्रुधन साह | ६८०३७१ | १००७४ | बेचन साहु हलुवाइ | राम स्वरुप साह | धनुषाधाम नगरपालिका ६ | घरायसी कर्जा | ३९९९९३७.९ | १६९४२९.०५ | ४१६९३६६.९५ |
| १४ | इन्दु कुमारी थापा | ५५०६०७१ | ११२३६ | डाम्बर बहादुर राउत | पदम बहादुर राउत | यज्ञभूमि ८ | सरल कृषि कर्जा | २०००००० | ३९२३६.३३ | ३९२३६.३३ |
| १५ | जय मा भगवती कृषि तथा कुखुरा पालन फर्म | १९५८७४१ | १०९१२ | राजे खत्बे | भदै खत्बे | मिथिला नगरपालिका ९ | सरल कृषि कर्जा | १२००००० | २५७६८.७७ | २५७६८.७७ |
| १६ | झुगरी देवी कोइरिन | ६८२५४८ | ७५४१ | आखाडी महतो | मोदी माहतो | गणेशमान चारनाथ नगरपालिका ५ | सरल कृषि कर्जा | ९५०००० | ३११५९.२६ | ३११५९.२६ |
| १७ | जोगेंद्र यादव | १३१९०८७ | १०६४५ | राम किशुन यादव | महेश्वर यादव | धनुषाधाम नगरपालिका ६ | सरल कृषि कर्जा | ३००००० | ७९८४.४८ | ३०७९८४.४८ |
| १८ | मान बहादुर श्रेष्ठ | ५४९१२३७ | ११२२३ | ज्ञान बहादुर श्रेष्ठ | पुनित लाल श्रेष्ठ | सखुबा महेन्द्रनगर ३ | सरल कृषि कर्जा | २०००००० | ३८१०१.९१ | ३८१०१.९१ |
| १९ | मञ्जु देवी यादव | १८०६०२७ | १०८४६ | धनेश्वर यादव | बासुदेव यादव | धनुषाधाम नगरपालिका ६ | सरल कृषि कर्जा | ३००००० | ७१४३.३९ | ७१४३.३९ |
| २० | मनोहर साह रौनियार | ५४५४६७३ | ११०८९ | राम बिलास शाह रौनियार | काली शाह | महेन्द्रनगर ३ | सरल कृषि कर्जा | ८००००० | २६२५९.०७ | २६२५९.०७ |
| २१ | मुकेश कुमार महतो | ५४९३१०७ | ११२३४ | राम लखन महतो कोइरी | रामप्रसाद महतो | मिथिला नगरपालिका १ | घरायसी कर्जा | ३०००००० | १०४३३९.१८ | ३१०४३३९.१८ |
| २२ | न्यू स्टार होटल/प्रो. नयम मिया | ५४६९०१७ | १११२५ | खलतीत मिया | अघुन मिया | गणेशमान चारनाथ नगरपालिका १ | व्यापार कर्जा | १७००००० | ५४२५९.४१ | ५४२५९.४१ |
| २३ | प्रमिला कुमारी देवी यादव | ५४९७०१९ | ११२६४ | बिल्टु यादव | रादात यादव | नक्टाझिज २ | सरल कृषि कर्जा | १५००००० | ३४३३६.५८ | ३४३३६.५८ |
| २४ | राम करण महतो | ५४८१२९९ | १११७१ | मोहन महतो कोइरी | भिखारी महतो कोइरी | लक्ष्मीनिवास ४ | सरल कृषि कर्जा | १७५०००० | ३३३०९.७४ | ३३३०९.७४ |
| २५ | राम कुमार सिंह | ६८१३६३ | १०३४० | दुर्गानन्द सिंह | जयलाल सिंह | बटेश्वर १ | सरल कृषि कर्जा | १४९५००० | ३३०८२.६ | ३३०८२.६ |
| २६ | राम सुधीर महतो | ५५१५३६० | ११३२३ | अघ्नु महतो | रामलगन महतो | ढल्केवर | सरल कृषि कर्जा | १४००००० | २९५९५.७३ | २९५९५.७३ |
| २७ | राम सुदिस्ट महतो | ५४७७७३४ | १११६४ | लक्ष्मण महतो | बुजान महतो | लक्ष्मीनिवास ५ | सरल कृषि कर्जा | १३५०००० | ३९१४८.१५ | ३९१४८.१५ |
| २८ | राम उदगर महतो | १२३२१४८ | १०५७८ | सिंहेश्वर महतो | राजु महतो | मिथिला नगरपालिका ३ | सरल कृषि कर्जा | ५००००० | १७५०५.३५ | ५१७५०५.३५ |
| २९ | राम नारायण महतो | ६८१६८६ | ११२६६ | रामसापुप महतो | बिल्ट महतो | ढल्केबर ९ | सरल कृषि कर्जा | १८००००० | ७९५५०.१२ | १८७९५५०.१२ |
| ३० | रत्ना कुमारी शाह | १२०८६७१ | १०५७१ | रामलखन शाह | असर्फि साह | बटेश्वर २ | सरल कृषि कर्जा | ३१००००० | १२०७६७.९५ | ३२२०७६७.९५ |
| ३१ | रीता देवी महतो कोइरी | १२४५१८२ | १०६०४ | सिबान महतो | गोनर महतो | मिथिला नगरपालिका ४ | सरल कृषि कर्जा | ४५०००० | ८९७७.१२ | ८९७७.१२ |
| ३२ | सावित्री कुमारी देवी ठाकुर हजम | ५४४६०६२ | ११०६० | बिक्री ठाकुर | महसर ठाकुर | भुचक्रपुर ९ | सरल कृषि कर्जा | ७००००० | १७४०७.७६ | १७४०७.७६ |
| ३३ | संगीता कुमारी थापा मगर | ५४६०८५७ | १११०० | टेक बहादुर थापा मगर | सन्ति मान थापा मगर | भरतपुर ३ | घरायसी कर्जा | ३०००००० | ७०३४६.८५ | ७०३४६.८५ |
| ३४ | शिव शंकर महतो कुशवाहा | ५४९२८४५ | ११२८९ | सुब्ब महतो | गनु महतो | नक्टाझिज ३ | सरल कृषि कर्जा | १४००००० | ३२५११.८२ | ३२५११.८२ |
| ३५ | श्री नारायण यादव | ६८०७७६ | ८७८४ | रामदेव यादव | गणपैत यादव | मिथिला नगरपालिका १ | व्यक्तिगत ओ.डी. | ९५०००० | ४३७५६.९३ | ९९३७५६.९३ |
| ३६ | श्री यादव | १३३०२३२ | १०६७० | सरजुग यादव | राउधी यादव | धनुषाधाम नगरपालिका ५ | सरल कृषि कर्जा | ४००००० | १३६१०.८७ | ४१३६१०.८७ |
| ३७ | श्याम सुन्दर महतो | ५४२८४७४ | ११०५९ | किशुन महतो | बालचन महतो | बेङ्गडाबर ४ | सरल कृषि कर्जा | १०००००० | २५१२१.२४ | २५१२१.२४ |
| ३८ | सिंगदान आपूर्तिकर्ता तथा निर्माण प्रा. लि./सं रमेश कुमार सिंगदन | ५२७८०९६ | १०९६६ | जपतलाल सिंगदान | सर्ववित सिंगदान | बटेश्वर ५ | फोर्स लोन | २९७२००० | १४३१३०.०४ | ३११५१३०.०४ |
| ३९ | सियाराम कवाद स्टोर्स/ प्रो. सियाराम पासमान | ५५१२८८७ | ११२९१ | साउखी पासमान | बटोही पासमान | मिथिला नगरपालिका ६ | व्यापार कर्जा | २९९३६४९.३६ | १०४२११.३४ | ३०९७८६०.७ |
| ४० | सुनिता कुमारी देवी दास | ५४७३८८० | १११५१ | भागवत दास | मोहन दास | बार्थहवा ७ | सरल कृषि कर्जा | १०००००० | २२०३४.४५ | २२०३४.४५ |
| ४१ | सुरेश कुमार महतो | ५४९३६५५ | ११२१६ | रजल महतो मोइरी | भगवती महतो | नक्टाझिज ३ | सरल कृषि कर्जा | १८००००० | ९२३५४.२५ | १८९२३५४.२५ |
| ४२ | सूर्यदेव महतो | १२१०७६९ | १०५५५ | रामनन्दन महतो | रंखेलावन महतो | मिथिला नगरपालिका ८ | सरल कृषि कर्जा | २०००००० | ४८८२०.७७ | ४८८२०.७७ |
| ४३ | सुशीला देवी साह | १४२०९४४ | १११०७ | बेचन साह ताली | नेबाटी साह | मिथिला नगरपालिका ५ | सरल कृषि कर्जा | २०००००० | ४११३६.२४ | ४११३६.२४ |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुरधाम

# मुख्यमन्त्रीले मंसिर २७ गते विश्वासको मत लिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादवले मंसिर २७ गते शुक्रवार विश्वासको मत लिने भएका छन् ।

बुधवार २४ गते विश्वासको मत लिने भनिएपनि मुख्यमन्त्रीको कार्य व्यस्तताले गरेका थिए ।

उनीसंगै जनमत पार्टीबाट अर्थमन्त्री महेश यादव, कांग्रेसबाट जंगीलाल राय र नेकपा एसबाट कनिष पटेल विना विभागीय मन्त्रीको रुपमा शपथ ग्रहण गरेका थिए । विश्वासको मतकै लागि तत्काल सानो आकारको मन्त्रिपरिषद हाललाई



मिति सारिएको प्रदेश सभा सचिवालयले जनाएको छ । यसअघि नै सत्तापक्षीय सातदलीय गठबन्धनको बैठकले आगामी मंसिर २४ गते विश्वासको मत लिने निर्णय गरेको गरेको थियो ।

यही मंसिर १९ गते नेपाली कांग्रेसबाट मुख्यमन्त्री नियुक्त भएका यादव मंसिर २१ गतेका दिन तीन जना मन्त्री सहित पद तथा गोपनीयताको शपथ ग्रहण गठन गरिएको छ ।

विश्वासको मतपछि मन्त्रालयको बाँडफाँडपछि अन्य मन्त्रालयको टुँगो लगाइने मुख्यमन्त्री श्रोतले जनाएको छ । विश्वासको मत लगतै मन्त्रालयको बाँडफाँडपछि अन्य दलहरु पनि सरकारमा सहभागी हुने जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादवले बताएका छन् ।

# महिला हिंसाविरुद्ध कठोर कानुन आवश्यक



**टुडे समाचारदाता**

जनकपुरधाम, मंसिर २३ गते । मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले मधेशमा दिनानुदिन बढ्दै गएको महिलाविरुद्धको लैंगिक हिंसा न्यूनीकरणका लागि कठोर कानुनी कारवाही र व्यापक सचेतनाको आवश्यकता रहेको बताएका छन् ।

मंगलबार जनकपुरधाममा आयोजित ७७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश प्रमुख कर्णले मधेश समाजमा महिला हिंसा, बालविवाह, दाइजो प्रथा र विभेद जस्ता 'सामाजिक निकृष्ट रोग' आज पनि गहिरोसँग जरा गाडेर बसेको उल्लेख गरे ।

उनले भने, "अहिले पनि हाम्रो समाजमा सम्मानपूर्वक बाँच्न पाउने मौलिक अधिकार महिलामाथि हुने हिंसा, बालविवाह, दाइजो प्रथा र सामाजिक विभेदले चुनौती दिइरहेको छ। यी समस्याको न्यूनिकरणका लागि कठोर कानुन र दण्ड-कारबाहीका साथै व्यापक सचेतना अभियान आवश्यक छ ।"

उनका अनुसार मानवअधिकार कुनै एक समूह वा व्यक्तिसँग मात्र सम्बन्धित विषय नभई सम्पूर्ण व्यक्ति, परिवार र समुदायसँग जोडिएको विषय भएकाले सबै क्षेत्रको सक्रिय भूमिका अपरिहार्य छ । प्रदेश प्रमुखले मधेशमा मानवअधिकार विरोधी घटनाहरू बढ्दो अवस्थामा रहेको उल्लेख गर्दै "यसप्रति समाज, सरकार र संस्थाहरू सबैले गम्भीर र सजग हुनुपर्छ" भने ।

कार्यक्रममा सहभागी पिपुल इन नीडका प्रदेश परियोजना व्यवस्थापक सुनिल साहले मधेश प्रदेशमा महिलाविरुद्धका हिंसामा वृद्धि हुनुको प्रमुख कारण आवश्यक सचेतनाको अभाव रहेको बताए । उनका अनुसार पहिले पनि घटना हुन्थे तर धेरैजसो घटना दर्ता नहुने, पीडितले बोल्न नपाउने अवस्था थियो । तर अहिले व्यक्तिमा सचेतना र जागरुकता आएपछि घटना दर्ता हुँदा संख्या बढेको देखिएको हो ।

साहले भने, "अब मानिसहरू जागरूक भएका छन्। घटना हुनेबित्तिकै दर्ता भइरहेको छ। सामाजिक सञ्जालले पनि घटनालाई सार्वजनिक र तथ्याङ्कीय रूपमा बढाएर देखाएको छ। त्यसैले सामाजिक सञ्जालको सही प्रयोगबारे विशेषगरी युवामाझ गहिरो जागरुकता आवश्यक छ ।"

'मधेश प्रदेशमा मानवअधिकार रक्षकहरूको अवस्था र चुनौती' शीर्षकमा आयोजित उक्त संवाद कार्यक्रममा प्रदेशभरका विभिन्न गैरसरकारी संस्था, मानवअधिकारकर्मी, सामाजिक अभियन्ता तथा सरोकारवाला निकायका प्रतिनिधिहरुको सहभागिता थियो ।

राष्ट्रिय मानव अधिकार आयोगको प्रदेश कार्यालयद्वारा मैथिली विकास भवन परिसरमा आयोजित दुई दिने लैंगिक हिंसाविरुद्धको कार्यक्रम अन्तर्गत प्रदर्शनी, सचेतनामूलक स्टल, अन्तरक्रियात्मक सत्र तथा विभिन्न संवेदनशील विषयमा बहस-संवाद पनि गरिएको छ ।

## मधेशमा २६० महिला हिंसाविरुद्धको घटना



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा महिलामाथि हुने विभिन्न प्रकारका हिंसात्मक घटनामा उल्लेख्य वृद्धि देखिएको छ । वर्ष २०८२ मा महिला हिंसाविरुद्धको २ सय ६० घटना दर्ता भएको छ ।

ओरेक नेपालले एक कार्यक्रममा सार्वजनिक गरेको यो तथ्यांकले प्रदेशलाई उच्च जोखिम क्षेत्रका रूपमा देखाएको छ । तथ्यांक अनुसार धनुषामा १ सय ११, महोत्तरीमा ४३, सप्तरीमा १४, सर्लाहीमा ८३, बारामा १, पर्सामा २, सिरहामा ६ महिला हिंसाविरुद्धको घटना भएको छ भने रौतहटमा कुनै घटना नै दर्ता नभएको देखाइएको छ ।

प्रदेशका आठै जिल्लाका घटनाको समग्र विवरणमा धनुषामा ४१.९ प्रतिशत घटना दर्ता भई सबैभन्दा बढी महिला हिंसा भएको जिल्लाको रुपमा ठहर गरेको छ । सार्वजनिक तथ्यांक अनुसार ५८.६२ प्रतिशत महिलामाथि हुने हिंसाका घटनामा श्रीमान नै पीडक रहेको पाइएको छ ।

यस्तै पिडित महिला मध्ये ६२.३२ प्रतिशत महिलाले घरेलु हिंसा को सामना गरेका छन् । सामान्यतया कुटपीट, मानसिक पीडा, आर्थिक नियन्त्रण, दाइजो सम्बन्धित दमनजस्ता घरेलु हिंसाबाट प्रताडित रहेको छ ।

प्रदेशमा २०.४३ पतिशत बालिका, किशोरीदेखि विवाहित महिलासम्म यौनजन्य हिंसाका शिकार भएकी छिन भने प्रभावित हुने महिलाहरुमा ४२.८ प्रतिशत घरायसी महिला, २८.५ प्रतिशत किशोरी र १४.२ प्रतिशत विद्यार्थी रहेका छन् ।

तथ्यांक अनुसार सबैभन्दा बढी ३३.९ प्रतिशत घटना २०-३५ वर्ष उमेर समूहमा देखिएको छ, त्यसपछि १४.९ प्रतिशत किशोरी तथा अन्य उमेर समूहमा क्रमशः घटना दर्ता छन् । मधेश प्रदेशमा दर्ता भएका घटनामध्ये घरेलु हिंसा सबैभन्दा बढी देखिएको छ । त्यसपछि यौनजन्य, मानसिक, सामाजिक तथा साइबर अपराध लगायतका महिलाहिंसाविरुद्धको घटनाहरु रहेका छन् ।

सार्वजनिक तथ्यांकले मधेश प्रदेशमा महिला प्रयोगमाथि हुने हिंसा अझै नियन्त्रणमा नआएको र घरभित्रै हुने घरेलु हिंसा, सामजिक र यौनजन्य हिंसा प्रमुख समस्याका रूपमा रहेको देखिन्छ । धनुषालाई सबैभन्दा बढी जोखिमयुक्त र रौतहटलाई सुरक्षित क्षेत्रको रुपमा पहिचान गरिएको छ ।

# विच्छालाई नहटाउन सर्वोच्चका आदेश



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाले प्रदेश सभा सदस्य पदबाट कञ्चन विच्छालाई हटाउने निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ ।

मंगलवार न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले बिच्छालाई प्रदेशसभा सदस्यका रूपमा नियमित कामकाज गर्न रोक्न नहुने आदेश जारी गर्दै राप्रपाले प्रदेशसभामा पठाएको पद खोसिने सिफारिस हालका लागि अमान्य रहने स्पष्ट पारेको हो ।

सर्वोच्चले बिच्छाले सांसद पद त्यागेको प्रमाण नभएको र पार्टीले गरेको अनुशासनात्मक कारबाही कानुनसम्मत छ कि छैन भन्ने विषयमा पछि विस्तृत रूपमा परीक्षण हुनेछ भन्दै, परीक्षण अघि उनीलाई पदबाट हटाउन नसकिने आदेश जारी गरेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मधेश प्रदेशमा एमाले नेता सरोजकुमार यादवको अघिल्लो सरकारमा बिच्छा मन्त्री भएको कारण पार्टीको निर्देशन नमानेको भनी स्पष्टीकरण मागेको थियो । उनले मन्त्री पद नत्यागेपछि राप्रपाले २७ कात्तिकमा प्रदेशसभा सदस्यबाटै पदमुक्त गर्ने सिफारिस प्रदेशसभामा पठाएको थियो ।

सो पत्रको आधारमा प्रदेश सभाले विच्छालाई पदबाट हटाइएको भनी घोषणा गरेको थियो । प्रदेश सभाले गरेको कारवाही पश्चात उनी न्यायका लागि सर्वोच्च अदालतमा रिट दायर गरेकी थिइन । सो रिटको सुनुवाई गर्दै अदालतले अन्तरिम आदेश जारी गरेको हो ।

# अखाद्य पाउरोटीहरु फेला

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्ज महानगरमा सञ्चालित पाउरोटी तथा बेकरी उद्योगहरुबाट फोहोर, खान अयोग्य तथा म्याद सकिएका पाउरोटीहरु फेला परेको छ ।



मंगलबार वीरगन्ज महानगरपालिकाको बजार अनुगमन टोलीले वीरगन्ज-८ पानीट्यांकी स्थित शक्तिमान बेकरी एण्ड फुड प्रोडक्ट्स, वीरगन्ज-११ रानिघाटस्थित शीला बेकरी उद्योग र लक्की पाउरोटी उद्योगमा पुगेर छड्के अनुगमन गरेको हो ।

अनुगमनका क्रममा मैदा मुछ्ने भााडा र ठाँउ फोहोर भेटिएको, म्याद गुज्रिएका पाउर ोटी, केक, बर्फी , दुनोटहरु फेला परेको,मूल्य सूँची नटाँगिएको लगायतका लापारवाही भेटिएको अनुगमन टोलीमा सहभागी महानगरपालिकाको खाद्य अनुसन्धान अधिकृत विभा मिश्राले जनाएको छ। अनुगमनका क्रममा भेटिएका म्याद गुज्रिएका ती सबै वस्तुहरु जफत गरी नष्ट गरिएको उनले बताए ।

साथै महानगरपालिकाको कार्यालयमा व्यवसाय दर्ता नगरेका र नविकरण पनि नगरेको भेटिएको भन्दै उनले ती उद्योगका सञ्चालकलाई ७ दिनभित्र महानगरपालिकाको कार्यालयमा सम्पर्क गरेर आवश्यक प्रक्रिया पूरा गर्न निर्देशनपनि दिइएको उनले बताए ।

अनुगमन टोलीमा उपभोक्ता हित संरक्षण मञ्च नेपाल पर्साका अध्यक्ष अजित भुजेल,वीरगन्ज् होटल तथा पर्यटन व्यवसायी संघका अध्यक्ष हरि पन्त,उपाध्यक्ष रचेन्द्र थापा, वीरगन्ज महानगरपालिकाद्धारा गठित अनुगमन समितिकि सदस्य नेहा मिश्रा,वीरगन्ज उद्योग वाणिज्य संघका सचिव मनोज कुमार दासका साथै नेपाल प्रहरीकोपनि सहभागि थिए ।

# भन्सार ऐन संशोधन गर्न माग, एजेन्टहरुको पेनडाउन

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज उद्योग वाणिज्य सङ्घले नयाँ भन्सार ऐन-२०७९ (संशोधित २०८२) का केही प्रावधानले भन्सार एजेन्टहरूको हकहितमा प्रत्यक्ष असर परिरहेको भन्दै त्यसको तत्काल पुनरावलोकन तथा सुधारको माग गरेको छ ।




सङ्घले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै वीरगञ्ज भन्सार कार्यालयका एजेन्टहरूले पुस ८ गतेदेखि कलमबन्द (एभल म्यधल) गर्दै भन्सार जाँच-पास बन्द गरेको निर्णयप्रति गम्भीर ध्यानाकर्षण गराएको छ । एजेन्टहरूको भनाइमा नयाँ ऐनका केही दफा पेशागत गतिविधि कठिन बनाउनुका साथै अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा समेत बाधा उत्पन्न गरिरहेको भनेका छन् ।

व्यवसायीक वातावरण सहज र प्रवर्द्धनमुखी बनाउन आवश्यक सरकारी पहल अनिवार्य रहेको सङ्घको धारणा छ। प्रेस विज्ञप्तिमा सरकारले अनुदार भन्सार नीतिमार्फत व्यवसायमा दण्ड-जरिवाना थोपार्ने शैली स्वीकार्य नभएको उल्लेख छ ।

सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले भने, "महासङ्घले उठाएका मागहरू न्यायोचित छन् । सरकारले अविलम्ब सुधारात्मक कदम चाल्नुपर्छ। व्यापारमैत्री नीति बिना आर्थिक गतिविधि सुचारु हुन सक्दैन ।"

व्यवसायी, भन्सार एजेन्ट तथा सरोकारवाला पक्षहरूले समस्या समाधानका लागि सरकारसँग छिटो सहमतिमा पुग्न आग्रह गरेका छन् ।

**भन्सार एजेन्टहरुको पेनडाउन**

यसैबीच वीरगन्ज भन्सार कार्यालयहरूमा 'पेन डाउन' गरेको छ । भन्सार ऐन २०८२ प्रति आपत्ति जनाउँदै आन्दोलनरत भन्सार एजेन्ट महासंघले आज वीरगन्ज भन्सारसहित देशभरका भन्सार कार्यालयहरूमा 'पेन डाउन' गरेको हो ।

भन्सार ऐन २०८२ मा समावेश गरिएकाकतिपयप्रावधानहरूलेभन्सार एजेन्टहरुको पेशागत हकहित, काम गर्ने सहजता तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा समेत नकारात्मक असर पुऱ्याउने वातावरण सृजना भएकाले आन्दोलनमा उत्रिनुपरेको महासंघ अध्यक्ष प्राचिनकुमार थैवले बताए ।

महासंघले आइतवार वीरगञ्ज भन्सार कार्यालय र सोमबार भैरहवा भन्सार कार्यालय ठप्प गरेको थियो । 'नयाँ भन्सार ऐन जारी भएसँगै देखिएका समस्या एवं भन्सार एजेन्टहरूको पेशासँग सम्बन्धित मागहरू सम्बोधन नगरिए आजै आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्छौं' उनले भने ।

हालै लागू भएको भन्सार ऐनमा भन्सार एजेन्टको नाम, दण्ड जरिवाना, भन्सार एजेन्टको इजाजतपत्र नवीकरण, निलम्बन प्रक्रिया, बैंक जमानत, कम्प्युटर प्रणालीसँग सम्बन्धित 'युजर आईडी' व्यवस्थापन, 'एक्जिट नोट' एवं ' इन्ट्री नोट' लगायत इजाजत प्राप्त भन्सार एजेन्टहरूवाट मात्र मालबस्तु जाँचपास गर्ने व्यवस्था ऐनमै हुनुपर्ने माग महासंघले राखेको थियो ।

तर, मागको वेवास्ता गर्दै लागू भएको भन्सार ऐनले अनावश्यक दण्ड-जरिवाना थपेको, वैध व्यापारलाई निरुत्साहित गर्दै तजबिजी अधिकारलाई बढावा दिएको महासंघको ठहर छ ।

भन्सार जाँचपासमा हुने ढिलासुस्ती, भन्सार स्वचालन प्रणालीमा हुने सर्भर समस्या एवं राजश्व भुक्तानी, क्वारेन्टाइनलगायतका समस्याका बारेमा भन्सार विभाग समक्ष ताकेता र समन्वय गर्दा पनि समस्या समाधानका लागि पहल नहुँदा भन्सार जाँचपास प्रक्रिया सहज र सरल हुन नसकेको केन्द्रीय सदस्य घिमिरेले बताए ।

# अतिक्रमित वन फिर्ता ल्याउन सरकारलाई सकस

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा अतिक्रमणमा परेको वन क्षेत्र फिर्ता ल्याउन सकस भएको छ । प्रदेशका आठ जिल्लामा सन् २००२ अघिसम्म पाँच हजार ५३६ दशमलव ४१ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको तथ्यांक छ ।



सन् २००२ देखि सन् २०१२ सम्म आइपुग्दा मधेश प्रदेशमा थप तीन हजार ९७७ दशमलव १७ हेक्टर वन अतिक्रमणमा पऱ्यो । सन् २०२३ सम्मको अवधिमा मधेशका आठ जिल्लामा नौ हजार ६९२ दशमलव ५९ हेक्टर वन अतिक्रमणमा परेको छ ।

मधेश प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव जीवनाथ पौडेलले विगतमा भएको वन क्षेत्र अतिक्रमणलाई फिर्ता ल्याउन नसके पनि नयाँ अतिक्रमण भने नियन्त्रणमा नै रहेको बताए ।

'विगतको तुलनामा वन अतिक्रमण बढेको छैन्', उनले भने, 'अहिले वन अतिक्रण भइहालेमा डिभिजन वन कार्यालय मातहतका निकायले तुरुन्तै कारबाहीको दायरामा ल्याउँछन् ।'

उनका अनुसार विगतमा अतिक्रणमा परेर घर-टहरा आवास बनाएको क्षेत्रमा भने अतिक्रमित वनलाई फिर्ता ल्याउन सहज अवस्था छैन ।

उनले दिएको जानकारी अनुसार मधेश प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा धेरै सर्लाहीमा तीन हजार २३ दशमलव १४ हेक्टर क्षेत्रफल अतिक्रमण भएको छ । रौतहटमा एक हजार ७१० दशमलव ९२ हेक्टर अतिक्रमणमा परेको छ भने धनुषामा एक हजार ६५८ दशमलव ६४ हेक्टर क्षेत्रफल, बारामा एक हजार २०३ दशमलव ०२ हेक्टर, सिरहामा ९७६ दशमलव ३४ हेक्टर, महोत्तरीमा ६३९ दशमलव ७१ हेक्टर, पर्सामा ४६८ दशमलव १४ हेक्टर, सबैभन्दा कम भने सप्तरीमा १२ दशमलव ६४ हेक्टर अतिक्रमणमा परेको छ ।

सशस्त्र वनरक्षक संघीय सरकार मातहत छन् । तर, अहिले प्रदेश सरकार मातहतका डिएफओले सशस्त्र वनरक्षकलाई खटाउँदै आइरहेको अवस्था छ ।

सचिव पौडेलले अतिक्रणमा परेको वन फिर्ता ल्याउने जिम्मेवारी वन मन्त्रालयको मात्रै नभई धेरै सरोकारवाला निकायको रहने बताए । यसका लागि अन्तरसरकारी निकाय समन्वय र सहकार्य आवश्यकता रहेको उनले बताए ।

उनले अहिले थप अतिक्रमण हुन नदिएको भन्दै पुरानो अतिक्रमणमा परेको वन क्षेत्र फिर्ता ल्याउन नसकिएको स्वीका गरे । उनका अनुसार मधेश प्रदेशको अस्थिर राजनीतिक नेतृत्वको कारणले पनि समस्या भइरहेको छ ।

मुलुक संघीयतामा गइसकेपछि रूखबिरुवा प्रदेश सरकार मातहत र भूमि भने संघीय सरकार मातहत रहेको छ । वन ऐन, २०७६ र प्रदेश वन ऐन, २०७७ मा अधिकार क्षेत्र बाझिँदा पनि कार्य सम्पादन गर्न र समस्या भइरहेको प्रदेश सरकारको गुनासो छ ।

'सीमा विवादले एकाध ठाउँमा वन अतिक्रमणमा परेको भेटिन्छ' उनले भने । प्रदेश वन निर्देशक जयसवालले मधेश प्रदेशमा मात्रै नभएर मुलुकभर नै वन अतिक्रमणको समस्या रहेको बताए ।

पर्सा जिल्लामा १० वर्ष लामो माओवादी द्वन्द्वकालमा सबैभन्दा बढी वन अतिक्रमण भएको देखिन्छ । डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले पर्सामा ४६८ दशमलव १४ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको बताए ।

'पर्सामा सबैभन्दा ठूला अतिक्रमण ठोरी क्षेत्रलगायत गादीमाई, विन्दवासिनी, सबैया साझेदारी वन क्षेत्रमा भएको देखिन्छ', उनले भने, 'पटेर्वासुगौली, प्रसौनी, पर्सागढी लगायतका क्षेत्रमा अतिक्रमण भएको भेटिन्छ ।'

कार्यालयका अनुसार ठोरी गाउँपालिकास्थित बाराह नदीदेखि पश्चिमतर्फ दुई सय दशमलव ७० हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । यो पर्साको सबैभन्दा धेरै अतिक्रमणमा परेको वनक्षेत्र हो ।

त्यसैगरी, गादीमाई साझेदारी वनक्षेत्र १६७.६८ हेक्टर परेको छ । त्यस्तै सखुवाप्रसौनी मधुवन क्षेत्रमा पनि विभिन्न समयमा ३२ दशमलव ४७ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ ।

वन अधिकृत अहमदका अनुसार पर्सा जिल्लामा १० वर्ष लामो माओवादी द्वन्द्वकालमा सबैभन्दा बढी वन अतिक्रमण भएको देखिन्छ । सार्वजनिक विद्यालय, मठमन्दिर, प्रहरी सेनाका ब्यारेक, सडक, आदि भौतिक पूर्वाधार निर्माणमा समेत वनक्षेत्रको केही भाग अतिक्रमण भएको छ ।

# आज ओडिसी नृत्य कार्यक्रम

**टुडे समाचारदाता**

जनकपुरधाम । विरगञ्जस्थित कन्सुलेट जनरल अफ इण्डियाले बुधवार जनकपुरधाममा भव्य ओडिसी नृत्य कार्यक्रम आयोजना गर्न लागेको छ ।

भारतीय शास्त्रीय नृत्यका ख्याति प्राप्त कलाकार सन्ध्या कुञ्जन मेनन दास तथा उनको समूहले प्रदर्शन गर्ने यो कार्यक्रमले मिथिला र भारतबीचको सांस्कृतिक सम्बन्धलाई अझ बलियो बनाउने विश्वास आयोजक पक्षको रहेको छ ।

कार्यक्रम मैथिली विकास कोषको भवनमा बेलुका ४ :०० बजे सुरु हुने कोषका अध्यक्ष जिवनाथ चौधरीले जानकारी दिएका छन् । कार्यक्रममा सहभागिताका लागि कन्सुलेट जनरल अफ इण्डियाले जनकपुरधामका कलाकार, संस्कृतिप्रेमी र समाजका प्रतिनिधिलाई आग्रहण गरेको छ ।

ओडिसी नृत्य भारतको ओडिशा राज्यबाट उद्गम भएको शास्त्रीय नृत्य विधा हो । यसले भक्ति, सौन्दर्य र शास्त्रीय अभिव्यक्तिलाई समेट्छ । सन्ध्या कुञ्जन मेनन दासको टोलीले नेपालका विभिन्न शहरहरूमा आफ्नो प्रस्तुति मार्फत दर्शकको मन जित्दै आएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८